# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लसैसास**), २०७९

## अन्तिम प्रतिवेदन

देवचुली नगरपालिका

नवलपुर, गण्डकी प्रदेश

स्ट्रेन्थ इन्जिनियरिङ कम्पनी

गंगबु, काठमाण्डौ

## प्राक्कथन

विश्वमा लैङ्गिक असमानता तथा सामाजिक वञ्चितीकरण सबैको चासोको विषय भएको छ । विगत केही दशक देखि विश्वभरि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लसैसास**) तथा जलवायु परिवर्तनले महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, सीमान्तिकृत तथा भौगोलिक विकटतामा पारेका असरहरुको वहसले उल्लखेनीय स्थान पाएको देखिन्छ । यसै क्रममा नेपालमा पनि विभेदरहित, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्दै अगाडि बढिरहेको छ । यसै सन्दर्भमा खासगरी नेपालको संविधान,२०७२ प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । यसरी नै ***स्थानीय सरकार सञ्चालन ऐन, २०७४*** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) प्रावधानहरुको व्यवस्था गरेको छ ।

रणनीतिको सफल कार्यान्वयनका लागि राजनीतिक प्रतिबद्धता, इच्छाशक्ति र स्रोत साधनको परिचालन, समन्वय र जनचतेना अभिवृद्धि गरी नगरपालिकाको हरेक विकास योजना, परियोजना तथा कार्यक्रमहरूमा **लैससासलाई** मूलपवाहीकरण गर्ने  सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तर- निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्यमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु। यस रणनीतिको माध्यमबाट नगरपालिका र मातहतका निकायहरूमा के कहाँ कस्तो कसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण साथै जलवायु मैत्री वातावरण सिर्जना गर्ने कुराको जानकारी समेत सरल ढङ्गबाट प्राप्त हुने छ र यसमार्फत नगरपालिकाले आगमी दिनमा स्थानीय तहको नीति, कानुन योजना कार्यक्रम सेवाप्रवाह र संस्थागत संरचनालाई लैससास रणनीति मार्फत लैससास संवेदनशील तथा जलवायु परिवर्तनमैत्री, तथा उत्तरदायी बन्न सहयोग हुने छ भन्ने अपेक्षा सहित संस्थागत रूपमै लागु गर्ने कार्यमा सफलता मिल्ने विश्वास पनि लिएको छु ।

यस पृष्ठभुमिमा राष्ट्रिय तथा अन्र्तराष्ट्रिय जलवायु परिवर्तनका क्षेत्रगत तथा उपक्षेत्रगत नीति, रणनीति तथा कार्यनीतिहरु तथा संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन प्रारुप महासन्धि अन्र्तगतका प्रावधानहरुलाई सम्बोधन गर्न, दोस्रो लहरको कोरोना भाइरसको दोस्रो भेरियन्टको कारण गर्नुपरेको बन्दाबन्दी, भौतिक दुरी कायम गर्नुपर्ने बाध्यात्मक अवस्था लगायतका प्रतिकुलताका बाध्यता रहे पनि लैङ्गिक उतरदायि प्रशिक्षणबाट आएको प्रतिफल र आगामि दिनमा लक्षित वर्गहरुको सशक्तिकरण गर्दै हरेक क्षेत्रमा उनीहरुको अर्थपुर्ण सहभागिता सुनिश्चितताका लागि लैससास रणनीतिको आवश्यकता रहेको महशुस भई जोखिम समयलाई  धैर्य गर्दै कोरोना भाइरस नियन्त्रण तथा रोकथाम अभियानमा साथ दिदै सामाजिक दुरी कायम गरि विभिन्न सरोकारवालाहरूसँगको छलफल एवं प्राप्तसल्लाह सुझावकाआधारमा ५ वर्षीय रणनीति निर्माण गरिएको छ ।

यो रणनीति तयार गर्ने क्रममा आफ्ना बहमूल्य सुझावहरूसहित निरन्तर सहयोग गर्नुहुने नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू, वडाबासीहरू, अपाङ्गता भएका व्यक्तिहरु, आमा समूह, युवा समूह, विज्ञ समूह, महिला अधिकारकर्मी तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत अन्य सबै सरोकारवालाहरू तथा परामर्शदाता सबैलाई बधाई तथा धन्यवाद दिँदै यसलाई प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण महानुभावहरूप्रति आभार व्यक्त गर्न चाहन्छु । साथै यस लैससास रणनीति तयार गर्न आर्थिक सहयोग गर्नुहुने गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र बबई मिडिया तथा परामर्श सेन्टर प्रा.लि. बर्दिया प्रति देवचुली नगरपालिका हार्दिक आभार व्यक्त गर्दछ ।

.............................................

नगर प्रमुख

# शुभकामना

नेपालको संविधानले दिएको महिला अधिकार तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको /परेको वर्ग, अल्पसंख्यक, सीमान्तकृत, श्रमिक, युवा, वालवालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र, आर्थिक रूपले विपन्न खस-आर्य लगायत जलवायु परिवर्तनका नकारात्मक असरहरुले सताइएका नागरिकहरूले उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु आजको समयको माग तथा आवश्यकता हो ।

स्थानीय सरकारलाई संविधानमै उल्लेख गरी विभिन्न काम, कर्तव्य र अधिकार प्रदान गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूसहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समूहसम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षासम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ । त्यस्तै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार  तल्लोस्तर बाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी महिला तथा अल्पसंख्यक समुदायको सहभागीतामा जोड, योजना बनाउँदा महिला, वालवालिका तथा पछाडि पारिएको/परेको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने जलवायुमैत्री किसिमका योजना छनोटकै चरणमा **लसैसास** प्रवर्द्धन गर्ने व्यवस्थालाई जोडदिएको छ ।

दिगो विकासका लक्ष्यहरू हासिल गर्ने नेपालको प्रयत्नमा '**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८**' तथा संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन प्रारुप महासन्धि अर्न्तगतका प्रावधानहरुलाई सम्वोधन गर्न ठूलो भूमिका हुन्छ । यिनै माग तथा आवश्यकतालाई मध्यनजर राख्दै देवचुली नगरपालिकाले सञ्चालन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरूका साथै यसको संरचनामा **लैससाससँग** सम्वन्धित क्रियाकलापहरूलाई एकीकृत रूपमा निर्माण गरी कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न '**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८**' तयार गरी प्रकाशित हुन लागेकोमा मलाई धेरै खुसी लागेको छ ।

..............................................

प्रमुख प्रशासकीय अधिकृत

विषय सूची

प्राक्कथन ..... १

शुभकामना ..... २

परिच्छेद एक. परिचय ..... ५

१.१ पृष्ठभूमि : ..... ५

१.२ नगरपालिकाको परिचय : ..... ६

१.३. रणनीति तर्जुमा विधी तथा प्रक्रिया ..... ६

१.४ लैससास परिभाषा - मुख्य शव्दावलीहरु ..... ८

१.४.१ नाम र प्रारम्भ ..... ८

१.४.२ संक्षिप्त शव्दावली र परिभाषा ..... ८

परिच्छेद २ : अवस्था विश्लेषण ..... १०

२.१ नगरपालिकाको वर्तमान अवस्थाः ..... १०

२.२ लक्षित समुहहरुको नक्शांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था तथा तथ्यांकहरु ..... १०

२.३ सरोकारवालाहरुको बिश्लेषण ..... १०

२.४ सवल पक्ष र कमजोर पक्ष तथा सम्भावना र कठिनाई (सकसक) विश्लेषण ..... १०

२.५ नगरपालिकाका लैससास सम्बन्धी प्रमुख सवालहरु र प्राथमिकीकरण ..... १२

२.५.१ प्रमुख सवालहरु ..... १२

२.५.२ सवालहरुको प्राथमिकीकरण ..... १२

२.६ नगरपालिकाको आगामी लैससास रणनीतिको लागी लक्षित कार्यक्षेत्रहरु ..... १५

२.६.१.योजना तर्जुमा, वजेट बिनियोजन तथा कार्यान्वयनः ..... १५

२.६.२ आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण तथा सहजिकरणः ..... १५

२.६.३ समन्वय, सहकार्य र सहजिकरणः ..... १५

२.६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशी संयन्त्रहरुको व्यवस्थापन र कार्यान्वयन : ..... १५

परिच्छेद ३ ..... १६

नगरपालिकाको लैससास मूलप्रवाहीकरण रणनीति ..... १६

३.१ लैससास रणनीति ..... १६

३.२ रणनीति र कार्यनीति ..... १७

३.३ प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यन्वयनको लागि ५ वर्ष कार्ययोजना ..... २६

३.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयन पद्धतीः ..... ३३

३.४.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालनः ..... ३३

३.४.२. नगरपालिकाका सरोकारवालाहरुको कार्यभूमिका निर्धारण ........ ३३

३.४.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास : ........ ४०

३.५. लैससास रणनीति कार्यान्वयनको लागि स्रोत परिचालन र रणनीति कार्यान्वयनका लागि आवश्यक समन्वय र साझेदारी ........ ४१

३.६. लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली : ........ ४१

३.७ लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु : ........ ४३

३.८ कानुनी व्यवस्था तथा पुनरावलोकन ........ ४४

३.८.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन ........ ४४

३.८.२. रणनीतिको पुनरावलोकन तथा सुधार ........ ४४

परिच्छेद ४ ........ ४६

एकल तथा समूह केन्द्रित छलफल तथा अन्तर्वार्ताका लागि चेकलिस्ट/प्रश्नावली ........ ४६

सन्दर्भ सामाग्री: ........ ४८

अनुसूची १ कार्यशालाको फोटोहरु ........ ४९

# परिच्छेद एक. परिचय

## १.१ पृष्ठभूमि :

नेपालको प्रचलित संविधानको भाग ३ मा उल्लेखित मौलिक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा वालवालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हकको व्यवस्था गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अधिकारलाई सुनिश्चित गरेको छ । नेपालको संविधान बमोजिम जारी गरिएको राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८, वालवालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायतका राष्ट्रिय नीति तथा कानुनहरुले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ । यसै गरी **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण **(लैससास) को व्यवहारिक कार्यान्वयनका लागि देहायका** प्रावधानहरुको व्यवस्था गरेको छ :

(क) गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धि व्यवस्था गरेको ।

ख) वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहु-विवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको ।

(ग) स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, वालवालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको ।

नेपालको प्रचलित संविधानको प्रस्तावनाले लैङ्गिक विभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि प्रावधानहरुको व्यवस्था गरेको छ भने महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता राख्ने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । त्यसैगरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अर्न्तराष्ट्रिय कानुन अन्तर्गत महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नम्वर १३२५ र १८२० ले सशस्त्र द्वन्द्वको समय र द्वन्द्व पश्चात हुने यौनजन्य हिंसा विरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको बिषय सुनिश्चित गरेको छ । वाल अधिकार महासन्धी १९८९ ले वालवालिकाको अधिकार संरक्षण र प्रबर्द्धन सुनिश्चित गरेको छ ।

दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं ५ ले लैङ्गिक समानता र लक्ष्य नं १६ ले दिगो विकासको लागि शान्तिपुर्ण तथा समावेशी समाजको प्रबर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समावेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ । जसको प्राप्तिका लागि महिलाहरूको स्वास्थ्य, शिक्षा, क्षमता विकास र सबै क्षेत्रमा निर्भीक भएर सहभागिता जनाउन सक्ने खुबीको विकास हुने खालका कार्यक्रमहरूलाई प्राथमिकतामा राखी कार्यान्वयनको स्तरमा पुग्नु जरुरी देखिएको छ ।

स्थानीय सरकार तथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास तथा जलवायु परिवर्तनका सवालहरुलाई योजनावद्ध रुपमा स्थानीयकरण गर्दै लैजान र एक रुपता कायम गर्न नयाँ रणनीतिको आवश्यक रहेको हुनाले साथै स्थानीय सरकारद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैंङ्गिक समानता र सामाजिक समावेशीकरणका साथै जलवायु उत्थानशील बनाउनका लागि र संवैधानिक एवं कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्यगर्न एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैङ्गिक तथा सामाजिक समावेशी विकासका साथै जलवायु उत्थानशील अवधारणाहरुलाई प्रवर्द्धन गरी यसको स्थानीयकरण गर्न यो देवचुली नगरपालिकाको तीन वर्षीय लैससास **रणनीति** तयार गरिएको छ ।

## १.२ नगरपालिकाको परिचय :

कुल ११२.७२ वर्ग किमि क्षेत्रफल रहेको, गण्डकी प्रदेश नवलपुर क्षेत्रमा अवस्थित, देवचुली नगरपालिका गण्डकी प्रदेशको प्रथम र नेपालको दोस्रो वालमैत्री नगरपालिका हो । पूर्वमा गैंडाकोट नगरपालिका, पश्चिममा हुप्सेकोट गाँउपालिका र कावासोती नगरपालिका, उत्तरमा बुलिङटार गाँउपालिका र दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज यो नगरपालिकामा क्षेत्री, ब्राह्मण, मगर, तामाङ, नेवार आदि जातजातिको बसोबास रहेको *छ भने १३,१२७ घरधुरी, १४,८३६ परिवार संख्या र ५९,४०० जनसंख्या रहेको छ । जसमध्ये महिलाको जनसंख्या ३१,२६७ र पुरुषको जनसंख्या २८,१३३ रहेको छ* ।[1] पूर्ण साक्षर, पूर्ण खोप घोषित यस नगरपालिकाका २६ वटा टोलहरु वातावरणमैत्री टोल घोषणा भईसकेको छन् । ऐतिहासिक, धार्मिक एवं पर्यटकीय महत्व बोकेको देवचुली डाँडा, होमस्टेको प्रचुर सम्भावना बोकेको र मगर समुदायको बसोबास रहेको कुमसोत, किर्तिपुर र बन्दीपुर जस्ता बस्तीहरु लगायत संचालनमा आएको पिप्रहर होमस्टे र नारायणी नदी किनारमा रहेको होटल, रिसोर्ट तथा मध्यवर्ती सामुदायिक वनहरुले यस नगरपालिकाको पर्यटकीय विकासमा सम्भावनालाई समेटेको छन् । यहाँका समथर खेतीयोग्य जमिन तथा तरकारी उत्पादनका पकेट क्षेत्रहरुले कृषि तथा अर्गानिक खेतीको सम्भावना रहेको नगरपालिकाको पहाडी वस्तीहरुमा पशुपालन एवं मौरी पालनको उत्तिकै बढी सम्भावना छ ।

नेपालकै ठुलो औद्योगिक घराना मध्येको एक चौधरी समुहको सि.जी. इन्डष्ट्रिज पार्क लगायत, ईट्टा, क्रसर र अन्य स्थापना हुँदै गरेका उद्योगहरुले औद्योगिक संस्कार एवं रोजगारीका सम्भावनाहरु उजागर हुँदै छन् । देवचुली सेन्टरप्लट, धारापानी, पृथ्वीनगर, जनज्योति, दिव्यपुरी, रजहर, फारम लगायतका खेलमैदान र घुमाउरी पिक्नीक स्पर्ट एण्ड पार्क, नागपोखरी बालउद्यान, सकला बालउद्यान लगायतका सालघारी, कदमपुर, शान्तीगैरा सिमसार पोखरीहरुले खेलकुद र मनोरञ्जनका थुप्रै सम्भावना बोकेका छन् । शाश्वतधाम, कालिका मन्दिर, पशुपति मन्दिर, बराजु थान, तीनकन्या माई, एकादशी मेला लाग्ने नारायणी तटकै मैदान लगायतका धार्मिक स्थलहरु धार्मिक पर्यटनका लागि महत्वपूर्ण छन् ।

## १.३. रणनीति तर्जुमा विधी तथा प्रक्रिया

### ➢ निर्देशक समितिको गठन

यस रणनीतिले नगरपालिका लैससास उत्तरदायी वजेट तथा योजना, जलवायु उत्थानशील शासन प्रणालीलाई संस्थागत गर्न, संरचनात्मक अवरोधहरू हटाउन, सुधारिएको जीविकोपार्जनको लागि स्रोतहरू व्यवस्थापनमा लक्षित वर्ग समुहको सहभागिता र लाभ बाँडफाँडलाई बढावा दिन मार्गनिर्देशमा मद्दत गर्ने भएकोले विषयवस्तु सुहाउँदो विधि वा प्रकृयाहरू अपनाउन आवश्यक हुनाले रणनीति तर्जुमाका लागि २०७८ चैत्र २८ गते सम्पन्न प्रारम्भिक वैठक तथा अभिमुखीकरण आयोजनाको क्रममा नगर प्रमुखको संयोजकत्वमा ५ सदस्सीय निर्देशक समिति गठन गरिएको थियो ।

- **अध्यक्ष** श्री पूर्ण कुमार श्रेष्ठ, नगर-प्रमुख
- **सदस्य** श्री पार्वता तिवारी, नगर- उपप्रमुख
- **सदस्य** श्री गाविन्द सिग्देल, प्रमुख प्रशासकीय अधिकृत
- **सदस्य** श्री विमला लम्साल, शाखा प्रमुख, सामाजिक विकास शाखा
- **सदस्य** श्री निर्मला कण्डेल, फिल्ड सहायक

[1] राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक परिणाम अनुसार

### १.३.२ सन्दर्भ सामग्रीको विश्लेषण

लैससास रणनीति तर्जुमाको प्रयोजनका लागि देवचुली नगरपालिकाले तय गरेका दस्तावेजहरुको अध्ययन तथा समीक्षा गरियो । जस अन्तर्गत नगरपालिकाका ऐन, नीति कार्यक्रम, कार्यविधि, आवधिक योजना तथा पार्श्वचित्र, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लागि नगरपालिकाले निर्माण गरेका उपलव्ध कार्यविधिहरु, नगरपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्ष अध्ययन गरियो ।

### १.३.३ अभिमुखीकरण तथा लैससास रणनीति तर्जुमा कार्शशाला

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमाका लागि नगरपालिका स्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरियो । नगर प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, स्थानीय संघ संस्थाका प्रतिनिधि, तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका स्थानीय जानकारहरुको उपस्थिती भएको एक दिने अभिमुखीकरण कार्यशालामा नेपाल सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका २०७७ सँग सम्वन्धित विषयवस्तुको आधारमा समुह छलफलका साथै प्रश्नावली तयारी गर्ने काम गरियो । कार्यशालामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्वन्धित विविध पक्षहरुसँग सम्वन्धित विषयवस्तुमा छलफल गरियो । समग्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तयारीका लागि समुह छलफल मार्फत देहायका कार्यहरु गरियो :

- नगरपालिकास्थित सरोकारवालाहरुसँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका पक्षलाई समेटेर स्थानीय तहरुले अवलम्बन गर्नुपर्ने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका आवश्यकताका महत्व र लैससास मूलप्रवाहीकरण रणनीति निर्माणका आधारहरु पावर प्वाईन्ट प्रस्तुतिकरण प्रस्तुत गरिएको थियो ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट नगरपालिकाका सरोकारवालाको नक्सांकनका साथै सवल पक्ष, कमजोर पक्ष, सम्भावना तथा कठिनाई-सकसक विश्लेषण (SWOT Analaysis) गरिएको थियो ।
- स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा यी सबै प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, गरीव/महिला/दलित/आदिवासी जनजाति/विपन्न खसआर्य/मधेसी/अन्य सीमान्तकृत समुदाय/अपाङ्गता भएका व्यक्तिहरू /ज्येष्ठ नागरिक/भौगोलिक विकटतामा रहेका बासिन्दाहरू /यौनिक तथा लैंङ्गिक अल्पसंख्यक/नागरिकता विहिन नागरिकहरूलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्थामा छलफल गरिएको थियो ।
- नगरपालिकामा लक्षित वर्ग/समुहको खण्डीकृत तथ्याङ्क नभएकोमा अव उप्रान्त तथ्याङ्क विना कुनै पनि नीति, योजना, रणनीतिहरुको औचित्य नहुने कुरा महसुस गरिएको गराईएको थियो । जसलाई थप प्रस्ट पारि साझा वुझाई निर्माण गरिएको थियो ।

### १.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति मस्यौदा प्रतिवेदन तयारी

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा कार्यशालाबाट प्राप्त सुचनाका आधारमा देवचुली नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा गरी आवश्यक सुझावका लागि देवचुली नगरपालिका तथा प्रदेश प्रशिक्षण प्रतिष्ठान गण्डकी प्रदेशमा पेश गरियो ।

### १.३.५ अन्तिम प्रतिबेदन पेश

**नगरपालिका तथा प्रदेश पशिक्षण प्रतिष्ठान, गण्डकी प्रदेशबाट प्राप्त सुझावहरुलाई सम्वोधन गरी** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको अन्तिम प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गरियो ।

## १.४ लैससास परिभाषा - मुख्य शव्दावलीहरु

**१.४.१ नाम र प्रारम्भ :** यस रणनीतिको नाम **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८ र**हनेछ र यसको प्रारम्भ स्थानीय तहले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**१.४.२ संक्षिप्त शब्दावली र परिभाषा :**

क) **"स्थानीय तह"** भन्नाले देवचुली नगरपालिका सम्झनु पर्छ ।

ख) **"कार्यक्रम"** भन्नाले देवचुली नगरपालिकाको निश्चित उदेश्य प्राप्तिमा तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।

ग) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई द्येवच'लीनगरपालिका विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवं अधिकतम उपयोग गर्ने प्रक्रिया सम्झनु पर्छ ।

घ) **"योजना"** भन्नाले समग्र देवचुली नगरपालिकाको विकास निर्माण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकीकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

च) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट वञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराउने भनी सम्झनु पर्छ ।

**छ**) **"सामाजिक बञ्चितिकरण"**: लैङ्गिक ता, जातजाती, धर्म, क्षेत्र, अपाङ्गता आदिको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु भनी सम्झनु पर्छ ।

**ज**)**"सामाजिक समावेशी सम्पर्क व्यक्ति"** भन्नाले देवचुली नगरपालिकाका लैंङ्गिक समानता तथा समावेशीकरण विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

झ) **"सामाजिक समावेशी वजेट"** भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, गरीब, महिला, दलित, आदिवासी जनजाति, विपन्न खसआर्य, मधेसी अन्य सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, भौगोलिक विकटतामा रहेका बासिन्दाहरू, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक, नागरिकताविहिन व्यक्तिहरूलाई तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागितामुलक ढंगले सम्वोधन गर्ने र निजहरु प्रति उत्तरदायि बनाउने उदेश्यले तर्जुमा गरिने वजेटलाई जनाउँछ ।

ञ) **लैंङ्गिकता**: कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक कारण समाजद्वारा उनीहरुलाई दिइने विभेदपूर्ण कामको भूमिका, उनीहरुप्रति गर्ने विभेदपूर्ण सामाजिक व्यवहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोणलाई सम्झनु पर्छ ।

ट) **लैङ्गिक मूलप्रवाहीकरण**ः नगरपालिकाको कुनै पनि योजनाबद्ध कार्य, विद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति नियम, कार्यक्रम कार्यान्वयन, वजेट र सेवा प्रवाह, योजना तर्जुमाका हरेक क्षेत्र तथा तह र तप्कामा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने प्रक्रिया नै लैङ्गिक मूलप्रवाहीकरण हो भनी सम्झनु पर्छ।

ठ) **लैङ्गिक समानताः समाज तथा राज्यको** सबै अङ्ग र तहमा महिला र पुरुष बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरण हुनु नै लैङ्गिक समानता हो सम्झनु पर्छ।

ड) **लैङ्गिक संवेदनशिल**ः सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष र यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु भनी सम्झनु पर्छ।

ढ) **लैङ्गिक मैत्री**ः समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा विशेष आवश्यकताहरु सम्वोधनका लागि गरिने प्राथमिकपूर्ण व्यवहार हो।

ण) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले देवचुली नगरपालिकाको महिला तथा पुरुष जातीय यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुह, अपाङ्गता भएका व्यक्तिहरु एवं एच.आई.भि.संक्रमित व्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ।

**त) "गरिवी नक्शाङ्कन"** गरिवी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमा बसोबास गर्ने घर परिवारको गरिवी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनु पर्दछ।

**थ) "लक्षित वर्ग/समूह"** भन्नाले देवचुली नगरपालिकाको आर्थिक रूपमा गरीब, महिला, दलित, आदिवासी जनजाति, विपन्न खसआर्य, मधेसी अन्य सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, भौगोलिक विकटतामा रहेका बासिन्दाहरू, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक, नागरिकताविहिन व्यक्तिहरू तथा जेष्ठ नागरिकहरु आदि एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ।

**द) "जलवायु उत्थानशील"** भन्नाले जलवायु परिवर्तनले सिर्जना गरेको चुनौतीको सामना गर्दै प्राप्त अवसरहरुको सदुपयोग गरि प्राकृतिक तथा मानव सिर्जित प्रणालीलाई अनुकुल तुल्याउने प्रकृया भनी सम्झनु पर्दछ।

# परिच्छेद २ : अवस्था विश्लेषण

## २.१ नगरपालिकाको वर्तमान अवस्थाः

देवचुली नगरपालिका गण्डकी प्रदेशका ११ वटा अति सुधम नगरपालिकामध्येको एउटा नगरपालिका हो । विकासका सम्भावना तथा आयामका सन्दर्भमा यो नगरपालिकासँग विकासका वहुआयामिक अवसरहरु प्राप्त छन । प्रदेश सरकारले तय गरेको विकास अक्ष अन्तर्गत पर्ने भएकाले यो समग्र प्रदेशकै विकासमा यो पालिकाको महत्व रहेको देखिन्छ । अर्को तर्फ बौदीकाली वुलिङटार, हुम्सेकोट जस्ता अधिकांश पहाडी भूभाग रहेका नगरपालिकाको प्रत्यक्ष पहुँचको नगरपालिका भएकाले भविश्यमा ती पालिकासँगको सहकार्यमा बस्तु तथा सेवा जन्य उत्पादनको विकास र विस्तार गर्न सहजता हुने देखिन्छ भने मध्य विन्दु र कावासोती नगरपालिकासँगको सहकार्यमा बृहत आर्थिक क्षेत्रका रुपमा पनि विकास गर्न सकिने देखिन्छ । अर्को तर्फ शिक्षा र स्वास्थ्य क्षेत्रमा चितवन र बुटुवल पछाडि वैकल्पिक केन्द्रको रुपमा पनि देवचुलीको विकास गर्न सकिने प्रवल सम्भावना रहेको छ ।

## २.२ लक्षित समुहहरुको नक्शांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था तथा तथ्यांकहरु

देवचुली नगरपालिकाको जनसंख्याको आँकडा हेर्दा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक परिणाम अनुसार यहाँ यस नगरपालिकामा १३,१२७ घरधुरी, १४,८३६ परिवार संख्या र ५९,४०० जनसंख्या रहेको छ । जसमध्ये महिलाको जनसंख्या ३१,२६७ र पुरुषको जनसंख्या २८,१३३ रहेको छ[2] भने यहाँ सबैभन्दा बढी पहाडी ब्राम्हण (३२.३६%), मगर (२५.९१%) तथा क्षेत्री (९.३९%) बसोबास रहेको पाइएको पाइन्छ ।[3] यस नगरपालिकाको बजार क्षेत्रमा उक्त समुदायका अधिकांश व्यक्तिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक हिसावले जीवनस्तरमा राम्रो भएता पनि ग्रामिण क्षेत्रमा अपेक्षाकृत सुधार हुन सकेको छैन ।

## २.३ सरोकारवालाहरुको बिश्लेषण

विभिन्न राजनैतिक दलहरु, नगरपालिका, नगर शिक्षा समिति, वडा कार्यालय, वडा समिति, जिल्ला समन्वय समिति, प्रदेश र केन्द्र सरकार, स्वास्थ्य संस्थाहरु, विद्यालय, वाल क्लव, महिला सञ्जाल, आमा समुह, रेडक्रस, स्काउट, विपद व्यवस्थापन समिति, टोल विकास संस्थाहरु, विभिन्न संघ संस्थाहरु, अपाङ्गता भएका व्यक्तिहरु, बैक तथा वित्तिय सहकारी संस्था, इलाका प्रहरी चौकी, उद्योग वाणिज्य संघ (न.पा. स्तरिय), यातायात व्यवसायी संघ (न.पा. स्तरिय), होटेल व्यवसायी संघ (न.पा. स्तरिय), सामुदायिक वन उपभोक्ता समिति, तथा खानेपानी उपभोक्ता समिति आदि यस नगरपालिकाका प्रमुख सरोकारवालाहरुका रुपमा रहेका छन ।

## २.४ सवल पक्ष र कमजोर पक्ष तथा सम्भावना र कठिनाई (सकसक) विश्लेषण

नगरपालिकामा अपाङ्ग, महिला तथा बालबालिका मैत्री संरचना निर्माण नगन्य मात्रामा छन । जात र लिङ्गका आधारमा हुने हिंसाको अवस्था सामान्य छ । दलित जनजाति पिछडिएका वर्ग आय आर्जनको अवस्था सन्तोषजनक देखिदैन । लगभग ९५ प्रतिशत महिला साक्षर छन भने ६० प्रतिशत विद्यालयमा अपाङ्गता भएका वालवालिकाहरु र महिला मैत्री संरचनाहरुको निर्माण गरिएको छ भने वाल मैत्री भौतिक संरचना भएका विद्यालय ४५ प्रतिशत छन ।[4]

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको व्यवहारिक कार्यान्वयनका लागि नगरपालिकाले गरेका प्रयासहरु तथा तथा यसको कार्यान्वयनमा देखिएका अवसर तथा चुनौतीहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

---

[2] ऐ.ऐ.

[3] ऐ.ऐ.

[4] ऐ.ऐ.

| तालिका १ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था विश्लेषण | | | |
|---|---|---|---|
| **सवल पक्ष** | **कमजोर पक्ष** | **सम्भावना** | **कठिनाई** |
| नीति तथा कार्यक्रममा लैंससासको सम्बोधन हुनु | पिछडिएका तथा सीमान्तकृत समुदायको आर्थिक अवस्था कमजोर हुनु | पिछडिएका वर्ग आत्मनिर्भर बनाउनको लागि सिपमुलक तालिमहरु संचालन | सीमान्तकृत समुदायको आर्थिक तथा सामाजिक सवलीकरण |
| लक्षित वर्गको लागि कानुन तथा कार्यविधिहरुको निमार्ण र कार्यान्वयन | शिक्षा, स्वास्थ्यसँग सम्बन्धित जनचेतनाको कमी | लक्षित वर्ग समुदायको नेतृत्व विकास | नेतृत्वतहमा अर्थपूर्ण सहभागिता |
| लक्षित वर्गका लागि बजेट बिनियोजन र कार्यान्वयन | लक्षित वर्गको यथोचित पहिचान नहुनु | तथ्यांक अभिलेख प्रणालीको स्तरोन्नति | चेतना स्तरको अभिबृद्धि |
| लक्षित वर्ग मैत्री (महिला, जेष्ठ नागरिक, बालबालिका, अशक्त अपांगता भएका व्यक्ति) भौतिक संरचनाको निर्माण | जेष्ठ नागरिकमैत्री, अपाङ्गतामैत्री, महिलामैत्री संरचनाको पर्याप्त नहुनु | जेष्ठ नागरिकमैत्री, अपाङ्गतामैत्री, महिलामैत्री तथा वालमैत्री संरचनाको निर्माण | कोभिड १९ महामारी |
| महिला, अशक्त र दलित लक्षित सिपमुलक तथा क्षमता विकास तालीम | लक्षित बर्ग भित्रका पनि बिशेष सुविधा वा समता मुलक नभई समानताका आधारमा वितरण हुनु | लक्षित वर्ग समुदायको योजना तर्जुमा प्रकृयामा प्रतक्ष्य सहभागीता | परम्परा देखि चलि आएका संस्कार, संस्कृति अथवा बिभिन्न खालका बिभेदहरुलाई तथा नकारात्मक मुल्यमान्यताहरु |
| पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई ह्वीलचियर बितरण | अपाङ्गता, पूनःस्थापना तथा समावेशीकरण सम्बन्धी बुझाईको कमी हुनु | नगरपालिकाका हरेक क्षेत्रमा अपाङ्गता समावेशी पूर्वाधार, सूचना प्रणाली र सेवा प्रवाहको स्थापना | |

## २.५ नगरपालिकाका लैससास सम्बन्धी प्रमुख सवालहरु र प्राथमिकीकरण

### २.५.१ प्रमुख सवालहरु

- समाजमा व्याप्त घरेलु हिंसा र लैङ्गिक हिंसाको अन्त्य गरी न्यायमा पहुँच वृद्धिका लागि प्रतिवद्वता सहितको कार्यान्वयन प्रणालीको विकास हुन नसक्नु ।
- ग्रामिण महिलालाई नेतृत्व विकास सहित नीति निर्माण तहमा प्रतिस्पर्धा गर्न व्यवहारिक, सामाजिक तथा नीतिगत कठिनाइ रहनु ।
- निर्णायक भूमिकामा रहेका महिला नेतृत्वको समय सापेक्ष निर्णायक क्षमताको क्षमता अभिवृद्धि कमि हुनु ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रक्रियाको आन्तरिकीकरण गरी संस्थागत गर्ने कुरामा संस्थागत तत्परता र नीति तथा योजनामा लैङ्गिक सवेदनशिलताको कमी रहनु ।
- समाजमा महिला पुरुषको समान अस्तित्वको स्वीकार्यता र श्रम बजारमा महिलाको श्रमको उचित मूल्यांकन नगरिनु ।
- हिंसा पिंडित पुरुष तथा अति जोखिममा रहेका महिला, किशोरी र वालिकाको संरक्षणको लागि वैकल्पिक हेरचाह तथा सुरक्षाको सुनिश्चिततामा कमि ।
- महिला, दलित, जनजाती, विपन्न खसआर्य, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक लगायतका सामाजिक रुपले पछाडी पारिएका व्यक्ति वा समुदायको समानुपातिक प्रतिनिधित्वलाई जोड दिएता पनि सहर्ष स्विकार गर्न नसक्नु ।
- नगरपालिकाका नीति, कार्यक्रम तथा योजनाहरु प्रदेश सरकार मार्फत प्राप्त हुने नीति, कार्यक्रम तथा योजनाहरुसँग तादात्म्यता नभई श्रोतको दोहोरोपना हुनु ।

### २.५.२ सवालहरुको प्राथमिकीकरण

**१.१.योजना तर्जुमा, वजेट बिनियोजन तथा कार्यान्वयन**

**१.स्थानीय तहमा योजना तर्जुमा :**

(क) वार्षिक योजना तर्जुमाको चरणमा नगरपालिकाका लक्षित समुदायहरुको सवाल तथा समस्या पहिचान गरी सम्वोधन प्रक्रिया सुनिश्चित गर्नका लागि स्थानीय सवाल तथा समस्याहरुलाई नियमित अद्यावधिक गरिनेछ ।

(ख) स्थानीय जनताहरु विशेष गरी महिला, एकल महिला, एकल पुरुष, हिंसापिंडित पुरुष, वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, विपन्न तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको सशक्तिकरण एवं क्षमता विकासका कार्यक्रम मार्फत सामुदायिक विकास प्रक्रियामा स्थानीय व्यक्ति एवं समुदायहरुको सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गरिने छ ।

(ग) नगरपालिकाको हरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनका चरणहरुमा समुदायमा लैङ्गिक तथा सामाजिक रुपले पछाडी पारिएका लक्षित वर्ग/समुहहरुको समानुपातिक सहभागिता सुनिश्चित गरिने छ ।

(घ) नगरपालिका अन्तर्गतका बिषयगत शाखा, समिति, उप-समिति तथा विभिन्न इकाई र जनप्रतिनिधीहरु लगायत सबै वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई स्थानीय तहको स्रोत परिचालन, सेवा प्रवाह र लाभ वाँडफाँड गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गरिने छ ।

(ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा अपाङ्गतासँग सम्वन्धित सम्पूर्ण तथ्याङ्कहरुलाई खण्डिकृत रुपमा अभिलेखिकरण गरी सो को विश्लेषण र नियमित अद्यावधिक गरी योजना तर्जुमा गर्दा सो तथ्याङ्कलाई प्रमुख आधारको रुपमा उपयोग गरिनेछ ।

(च) योजना तर्जुमाको क्रममा लक्षित वर्ग/समुहहरुको आवश्यकता र चाहनाप्रति अफ बढी संवेदनशील भई लैङ्गिक तथा सामाजिक समावेशीकरण, लैङ्गिक मूलप्रवाहीकरण तथा जलवायु परिवर्तनप्रति उत्तरदायी र संवेदनशिलता अभिवृद्धि गर्न नगरपालिकाका जनप्रतिनिधी, कर्मचारीहरु र स्थानीय संघसंस्था एवं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिने छ ।

(छ) टोल, बस्ती हुँदै वडाहरुमा योजना तर्जुमाका चरणहरुमा ३३ प्रतिशत महिला सहभागिता र सामाजिक रुपले बञ्चितिकरणमा परेकाहरुको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।

## २. वजेट विनियोजन :

(क) नगरपालिकाले लैङ्गिक संवेदनशील तथा जलवायु उत्थानशील योजना तथा वजेट विनियोजन प्रक्रियालाई अनिवार्य अवलम्वन गर्नेछ ।

(ख) लक्षित वर्ग/समुहको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धि वार्षिक कार्यक्रम तथा वजेट सुनिश्चित गरिने छ ।

(ग) नगरपालिका लगायत सबै सेवाप्रदायक निकायहरुले समानिकरण अनुदान, सशर्त अनुदान र राजश्व बाँडफाँडबाट आउने कूल कार्यक्रम वजेटको **१५ प्रतिशत** रकम महिला, वालवालिका, अपाङ्गता तथा पून:स्थापना र लक्षित वर्ग/समुहको जीविकोपार्जन र सशक्तिकरण कार्यक्रमहरुमा नियमित लगानीका लागि सुनिश्चित गरिने छ ।

(घ) लैङ्गिक हिंसा पिडितहरु, जोखिममा रहेका असहाय एवं हेरचाह विहीन वालवालिका र असहाय तथा हेरचाह विहीन जेष्ठ नागरीकहरुको संरक्षणका लागि स्थानीय तहमा सेवा केन्द्रको व्यस्थापन सम्बन्धी नियमित वजेट बिनियोजन गरिने छ ।

(ङ) लैङ्गिक हिंसा पिडितहरुका लागि हिंसा पीडित संरक्षण कोष, बाल उद्धार कोष र जेष्ठ नागरीक संरक्षण कोषको स्थापना गरी परिचालन गरिने छ ।

(च) युवाहरुमा उद्यमशिलताको विकास मार्फत स्वरोजगार बनाई व्यवसायिक उत्पादन तर्फ आकर्षित बनाउन नगरपालिकाबाट युवा लक्षित कार्यक्रमहरुमा निश्चित प्रतिशत वजेट बिनियोजन गरिनेछ ।

(छ) किशोरी किशोरहरुको विकास र विभिन्न दुर्व्यवहार विरुद्ध वकालत गर्न सक्ने क्षमता विकासका लागि किशोर किशोरी लक्षित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

(ज) आगामी आर्थिक वर्षदेखि प्रदेश सरकारका नीति, कार्यक्रम तथा योजनाहरुसँग तादात्म्यता रहने गरि नगरपालिकाका नीति, योजना तथा कार्यक्रम तय गरिने छ ।

## ३. योजना कार्यान्वयन :

(क) नगरपालिकाबाट पारित भएका योजनाहरुको कार्यान्वयन चरणमा समुदायका लक्षित वर्ग /समुहको सहभागितालाई अनिवार्य गरिनेछ ।

(ख) महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक र मानव अधिकार लगायतका क्षेत्रमा नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रमा भएका प्रावधानहरुको बारेमा नगरपालिका लगायत वडा तहसम्म जानकारी गराई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरीत गरिनेछ ।

(ग) नगरपालिकामा गठन गरिने विभिन्न समिति तथा उप-समितिहरुमा नेपाल सरकारको नीति अनुरुप अपाङ्गता तथा पून:स्थापना, लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गरिने छ ।

(घ) नगरपालिका क्षेत्रभित्र कार्यरत सेवाप्रदायक संघसंस्थाहरुबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको वार्षिक वा आवधिक लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण, सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गरिने छ ।

(ङ) नगरपालिकाका सबै किसिमका सेवा प्रवाह प्रक्रियामा लैङ्गिक संवेदनशिल कार्य प्रणाली अवलम्वन गरिने छ ।

(च) लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता अपनाउन नगरपालिकाको दिर्घकालीन कार्ययोजना र आचारसंहिता बनाई लागु गरिने छ ।

(छ) नगरपालिकामा कार्यरत महिला कर्मचारीहरुका लागि लैङ्गिकमैत्री तथा अपाङ्गता भएका व्यक्ति तथा कर्मचारीहरुका लागि पहुँचयोग्य अपाङ्गगतामैत्री कार्यस्थल तथा कार्यवातावरण निर्माण गरिने छ ।

(ज) उपभोक्ता समितिको मुख्य निर्णायक पदहरुमा क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थालाई अनिवार्य बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशी संयन्त्रहरुको व्यवस्थापन र कार्यान्वयन :

### ३.१.नगरपालिकामा लैङ्गिकमैत्री संयन्त्रहरुको गठन तथा व्यवस्थापन :

(क) नगरपालिकामा लैससास इकाई/शाखा र कार्यान्वयन समिति गठन गरिनेछ ।

(ख) नगरपालिकाका सबै वडाहरुका सामान्यतया ५० भन्दा बढी घरधुरी भएका समुदायमा महिला, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा दलित वर्गको लैङ्गिक तथा समावेशी सहभागीता सुनिश्चित गर्दै टोल समिति गठन गरी परिचालन गरिने छ ।

(ग) नगरपालिकाका सबै संयन्त्रहरु र नगरपालिका क्षेत्रभित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरुमा लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गरिने छ ।

(घ) लैससास शाखामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा काम गर्नका लागि लैङ्गिक सम्पर्क व्यक्ति तोकिने छ ।

### ३.२. लैससास शाखा वा इकाई स्थापना

१. नगरपालिका क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु सम्वोधन गर्न र लैङ्गिक उत्तरदायी वजेट निर्माणमा सहजीकरण एवं सहयोग पुग्ने गरी नगरपालिकाका अन्य शाखाहरु जस्तै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाको स्थापना गरी लैङ्गिक क्षेत्रको जिम्मेवारी प्रदान गरिनेछ ।

२. नगरपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारीलाई यस शाखामा रही लैङ्गिक सम्पर्क व्यक्तिको रुपमा समन्वयकारी भुमिका निर्वाह गर्न जिम्मेवारी प्रदान गरिने छ ।

३. लैससास शाखाको काम कर्तव्य र अधिकार तोक्ने ।

३.३ अनुगमन, मूल्यांकन र अनुसन्धान गरि लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर प्रदान गर्दै सवाल र समस्याको सम्वोधन गरि उनीहरुको समग्र नगरपालिकाको विकास प्रक्रियामा मुलप्रवाहिकरण गरिनेछ ।

## २.६ नगरपालिकाको आगामी लैससास रणनीतिको लागी लक्षित कार्यक्षेत्रहरु

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) सम्बन्धी तोकिएको प्रावधानहरुको व्यवस्था अनुरुप नगरपालिकाको आगामी लैससास रणनीतिको कार्यक्षेत्र निर्धारण गरिनेछ ।

### २.६.१.योजना तर्जुमा, वजेट बिनियोजन तथा कार्यान्वयनः

**१ स्थानीय तहमा योजना तर्जुमा :**

नगरपालिकाको हरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनका चरणहरुमा समुदायमा लैङ्गिक तथा सामाजिक रुपले पछाडी पारिएका वर्ग समुदायका मानिसहरुको समानुपातिक सहभागिता सुनिश्चित गरिने छ ।

**२. वजेट विनियोजन :**

नगरपालिकाले लैङ्गिक उत्तरदायी योजना तथा संवेदनशील वजेट विनियोजन प्रक्रियालाई अनिवार्य अवलम्वन गर्नेछ ।

**३. योजना कार्यान्वयन :**

नगरपालिकाबाट पारित भएका योजनाहरुको कार्यान्वयन चरणमा समुदायका लक्षित व्यक्तिहरु (महिला, एकल महिला, हिंसापिंडित पुरुष, दलित, वालवालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरु, अल्पसख्यक आदि) को सहभागितालाई अनिवार्य गरिनेछ ।

### २.६.२ आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण तथा सहजिकरणः

क) सामाजिक संरक्षण र सुरक्षाको सवालमा विशेषगरि वालवालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता आदिलाई लक्षित गर्दै जाने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरु लागु गर्दै लैजानेछ ।

ख) विभिन्न प्रकारको महामारी, आपतकालीन स्थिति र हाल कोभिड-१९ को संक्रमण सुरु भए पश्चात बढेको समयमा विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरु लगायत सम्वन्धित सबै सरोकारवालाहरुलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरु संचालन गर्दै क्षमता विकास गरिनेछ ।

### २.६.३ समन्वय, सहकार्य र सहजिकरणः

लैससास सम्बन्धी नीति, रणनीति तथा योजना निर्माण र प्रभावकारी कार्यान्वयन गर्नका लागि केन्द्र, प्रदेश, विभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसँग समन्वय, सहकार्य र सहजिकरण गरिनेछ । साथै नगरपालिकाका आगामी नीति, कार्यक्रम तथा योजना तय गर्दा गण्डकी प्रदेश सरकारका नीति, योजना तथा कार्यक्रमहरुसँग तादात्म्यता रहने गरि गर्नु पर्ने छ ।

### २.६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशी संयन्त्रहरुको व्यवस्थापन र कार्यान्वयन :

नगरपालिका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट नगरपालिकामा लैङ्गिकमैत्री संयन्त्रहरुको गठन तथा व्यवस्थापन, लैससास शाखा वा इकाई स्थापना र अनुगमन तथा मूल्यांकन गर्ने यसलाई संस्थागत गर्दै जानेछ ।

# परिच्छेद ३
# नगरपालिकाको लैससास मूलप्रवाहीकरण रणनीति

## ३.१ लैससास रणनीति

**दीर्घकालीन सोंच**

भेदभाव रहित समाजको विकास, सामाजिक समावेशीकरणको आवाज ।[5]

**ध्येय :**

नगरपालिकाको समग्र विकास प्रक्रियामा प्रविधिको उच्चतम प्रयोग, लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा जलवायु परिवर्तन संवेदनशीलताको मूलप्रवाहीकरण गर्नु ।

**लक्ष्य :**

निर्णय प्रकृया तथा श्रोत साधनमा महिला, सीमान्तीकृत तथा अल्पसंख्यक समुदायको पहुँच बढाउन उनीहरुको क्षमता अभिवृद्धि गर्नु ।

**उदेश्यहरु:**

यस रणनीतिको मुख्य उदेश्य लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि नगरपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन प्रविधिको उच्चतम प्रयोग, आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । **यसका विस्तारित उदेश्यहरु निम्न प्रकारका छन:**

- नगरपालिकाका हरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनहरुमा स्थानीय जनताको लैङ्गिक तथा सामाजिक रुपले समानुपातिक सहभागिता सुनिश्चित गर्ने ।
- लैंगिक तथा जातिय समानता कायम गर्दै अपाङ्गतामैत्री तथा विपन्नमैत्री देवचुली बनाउनु ।
- लक्षित वर्ग/समुहको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील भई अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषय मूलप्रवाहीकरण प्रति उत्तरदायी र संवेदनशील हुन स्थानीय तहका जनप्रतिनिधी, कर्मचारीहरु र संघसंस्था एवं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- नगरपालिका तहको स्रोत परिचालन, सेवा प्रवाह र लाभ बाँडफाँड गर्दा प्रविधिको उच्चतम प्रयोग, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण साथै जलवायु परिवर्तनका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।
- नगरपालिकाका सम्पुर्ण संरचना लगायत नगर क्षेत्रमा कार्यरत संघसंस्था, विकास साझेदार, निजी क्षेत्र र सरोकारवालाहरुसँग समन्वय एवं पारस्परिक सम्बन्ध बिस्तार गरी योजना निर्माण, कार्यक्रम तथा वजेट तर्जुमा, कार्यान्वयन र अनुगमन लगायत विकासका सबै चरणहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका प्रक्रियालाई सुनिश्चित गर्ने सम्बन्धमा लैङ्गिक उत्तरदायी र जवाफदेही हुन मार्गदर्शन गर्ने ।

---
[5] नगरपालिकाको आवधिक योजना

- लक्षित वर्ग/समुहका व्यक्तिहरूको सशक्तिकरण एवं क्षमता विकासका कार्यक्रम मार्फत सामुदायिक विकास प्रक्रियामा उक्त व्यक्ति तथा समुदायहरुको सक्रिय सहभागिता तथा प्रविधिको प्रयोगको सुनिश्चितता गर्ने ।

**लैससास रणनीतिको औचित्य :**

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न, एवं कानुनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैङ्गिक तथा सामाजिक समावेशी विकासलाई प्रवर्द्धन गरी यसको स्थानीयकरण गर्न साथै **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११, उपधारा २, बुँदा ७ को उपबुँदा २** द्वारा प्रदत्त अधिकारको प्रयोग गरी नगरपालिकाको लागि यो ५ बर्षे **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८"** तयार गरिएको हो ।

क) लैससास रणनीतिले समन्वय र साझेदारीको अवधारणा विकास गरी यस नगरपालिका लगायत यसक्षेत्र भित्रका सबै सार्वजनिक निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था एवं सामुदायिक संस्थालाई लैङ्गिक संवेदनशील योजना निर्माण तथा कार्यान्वयन र लैङ्गिक मैत्री कार्य व्यवहार अवलम्वन गर्न अभिप्रेरीत गरेको छ ।

ख) लैससास रणनीतिले लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि नीतिगत व्यवस्था र कार्यान्वयन भए नभएको सन्दर्भमा अनुगमन तथा निर्देशनको समेत व्यवस्थागरेकोले लैससासमैत्री शासन व्यवस्था अवलम्वनका लागि मार्गनिर्देश गरेको छ ।

ग) लैंससास रणनीतिले सरोकारवाला सबै निकायको कार्य भूमिका निर्धारण गरी कार्यान्वयन गर्न निर्देशन गरेकोले समग्र विकासमा लैङ्गिक तथा सामाजिक समावेशी मूल प्रवाहीकरणमा टेवा पुग्ने देखिन्छ ।

घ) लैससास रणनीतिले यस नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न गर्दै आएका सकारात्मक प्रयासलाई निरन्तरता दिदै लैससास उत्तरदायी वजेट, योजना र लैंससासमैत्री शासन प्रणालीलाई संस्थागत गर्न, संरचनात्मक अवरोधहरू हटाउन र सुधारिएको जीविकोपार्जनको लागि स्रोतहरू व्यवस्थापनमा लक्षित वर्ग समुहको सहभागिता र लाभ बाँडफाँडलाई बढावा दिन मार्गनिर्देश गरेको छ ।

ङ) लैससास रणनीतिले समाजमा विद्यमान भईरहेका हिंसा तथा सामाजिक असमानता विरुद्ध निरोधात्मक तथा नियमनकारी उपायहरु अवलम्बन गरी लैङ्गिक  मूलप्रवाहिकरण र सामाजिक समावेशीकरण सहितको समाज निर्माण तर्फ अग्रसर हुन अभिप्रेरीत गरेको छ ।

**लैंससास रणनीतिको मुल्य मान्यताहरु**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणमा एकांगी रूपमा ल्याउन र  नगरपालिकाको लैङ्गिक सवेदनशिल शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको विकासको गर्नु आजको आवश्यकता हो । त्यसैले सहभागितामूलक विकासको अभ्यास र सामाजिक वहसको प्रक्रियाबाट लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा जलवायु परिवर्तनका सवाललाई सम्वोधन गर्नका साथै विभिन्न समयमा हुने महामारी, विपदले निम्ताउन सक्ने हिंसा अन्त्य गर्न सरकारी, गैर सरकारी तथा अन्य संघ-संस्थाहरूसँग समन्वय तथा सहकार्य गरि काम गर्नुपर्ने भएकोले र यस रणनीतिको सफल कार्यान्वयनबाट सम्पूर्ण नगरवासीहरूले विभेद र हिंसारहित समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चित गर्न यस रणनीतिले भूमिका खेल्ने विश्वास गर्न सकिन्छ ।

## ३.२ रणनीति र कार्यनीति

यस नगरपालिकाको लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम नगरपालिकाको दिर्घकालिन योजना तथा कार्यक्रमलाई लैससासमैत्री तथा जलवायु उत्थानशील बनाइनेछ । विद्यमान सकारात्मक उपलब्धीलाई संस्थागत गरी विपन्न एवंवञ्चित

व्यक्ति, समुदायले सामना गर्नु परेका लैङ्गिक  विभेद, जातीय विभेद, गलत सामाजिक अभ्यास तथा कुरीति विरुद्ध रणनीति तथा कार्यनीति बनाई कार्यान्वयन गरिनेछ । लैंङ्गिक समानता र सामाजिक न्यायमा आधारीत समुद्ध नगरपालिका निर्माण गर्ने परिकल्पनालाई साकार पार्न नगरपालिकाको निम्न बमोजिमका लैससास सम्बन्धी प्रमुख रणनीतिहरु तय गरेको छ । नगरपालिकाको लैससास रणनीतिले निर्दिष्ट गरे अनुरुप स्थानीय तहका समग्र संरचना र विकासका योजना तथा कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री कार्यप्रणालीको विकास गरी संस्थागत गरिनेछ ।

**रणनीति नं १. (उदेश्य नं. १.सँग सम्वन्धित)**

विद्यमान र नयाँ तर्जुमा हुने कानुनलाई लैङ्गिक  मैत्रि बनाउने र कार्यन्वयनलाई निरन्तरता दिने ।

**कार्यनीति  (रणनीति नं १.सँग सम्वन्धित)**

**१.१.स्थानीय शासनसँग सम्वन्धित विभिन्न नीति तथा योजनाहरूको लैससासको दृष्टिकोणबाट पुनरावलोकन गरी समग्र विकासमा जोड दिने ।**

१.१.१ नगरपालिकाको आवधिक, विषयगत एवं वार्षिक योजना, गुरुयोजना र विद्यमान नीति तथा कार्यक्रम, निर्देशिका र कार्यविधिहरुमा भएका लैङ्गिक विभेद तथा असमानताहरु पहिचान एवं विश्लेषण गरी लैङ्गिक  तथा समावेशी प्रक्रियाबाट परिमार्जन र संशोधन गर्ने ।

१.१.२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति र यसले निर्दिष्ट गरेका रणनीतिहरु कार्यान्वयन गर्न आवश्यक निर्देशिका एवं कार्ययोजना निर्माण गरी लागु गर्ने ।

१.१.३.  नगरपालिका  भित्रका वडा तहसम्म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट निर्देशन गर्ने ।

१.१.४. स्थानीय तहमा परिचालीत संघसंस्था र सरोकारवाला निकायहरुलाई समेत लैङ्गिक तथा सामाजिक समावेशी रणनीतिले निर्दिष्ट गरेका मार्गदर्शनहरुको बारेमा अभिमुखिकरण गराई सोही अनुरुप कार्यक्रम कार्यान्वयन गर्न निर्देशन गर्ने ।

१.१.५. सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि  योजना तर्जुमा गर्ने ।

**१.२)महिला, वालवालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरीक, विपन्न एवं पिछडिएका वर्ग तथा समुदायको आर्थिक सामाजिक सशक्तिकरण गर्ने ।**

१.२.१.नगरपालिका भित्र रहेका महिला, एकल महिला, हिंसापिंडित पुरुष, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरीक लगायत वञ्चित समुदायलाई बिशेष प्राथमिकताको आधारमा उद्यमशिलता मार्फत स्वरोजगार बनाई उनीहरुको जिविकोपार्जनमा सुधार गर्ने ।

१.२.२.नगरपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति, विपन्न खस आर्य तथा दलित वर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरुको परिमार्जन तथा पून:स्थापना, व्यवस्थापन र सुधार गर्ने ।

१.२.३.विपन्न एवं वञ्चित समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी कार्यक्रम तथा वजेट सुनिश्चित गर्ने ।

१.२.४.नगरपालिकाको योजना तथा कार्यक्रम तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एवं विपन्न र वञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न बढीभन्दा बढी मिडिया परिचालन गर्ने ।

**रणनीति नं २. (उदेश्य नं.२.सँग सम्वन्धित)**

लक्षित समुहलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने ।

**कार्यनीति (रणनीति नं २.सँग सम्वन्धित)**

२.१ लैङ्गिक समावेशीकरण नीति तर्जुमा गरिने छ।
२.२ महिला तथा अपाङ्ग वर्गलाई आत्मनिर्भर हुन प्रोत्साहनको लागि निशुल्क व्यवसाय दर्ताको सुविधा दिईने छ।
२.३ लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण लगायत सुविधा सामाजिक सेवा विमा कार्यक्रम मार्फत उपलब्ध गरिने छ।
२.४ जेष्ठनागरिकलाई सहजतापुर्वक जिवत यापन गर्न जेष्ठ नागरिक स्याहार कार्यक्रम सञ्चालन गरिने छ।
२.५ अपाङ्ग, विपन्न, उत्पीडित, द्वन्द्वपीडीत र पिछडीएको वर्ग र समुदायको हितमा विशेष कार्यक्रम संचालन गर्न नपाले अनुदान र बजेटको संयोजन गरिनेछ ।

**रणनीति नं ३. (उदेश्य नं.३.सँग सम्वन्धित)**
**सुशासनमा आधारीत लैङ्गिक तथा सामाजिक समावेशी सहभागिता र संस्थागत संयन्त्रहरुको विकास र परिचालन गर्ने ।**

कार्यनीति (रणनीति नं २.सँग सम्वन्धित)

**३.१) स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।**
३.१.१) नगरपालिकामा लैससास इकाई/शाखा स्थापना गर्ने र कार्यान्वयनका लागि लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने

३.१.२) नगरपालिकास्तरको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी परिचालन गर्ने ।

३.१.३) नगरपालिकामा गठन गरिने विभिन्न समिति तथा उपसमितिहरुमा नेपाल सरकारको नीति अनुरुप लैङ्गिक, अपाङ्गता तथा अन्य समावेशी सहभागिता सुनिश्चित गर्ने ।

३.१.४) नगरपालिकाका सबै संयन्त्रहरु र यस क्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरुमा पहुँचयुक्त अपाङ्गता समावेशी कार्यस्थल निर्माण, लैङ्गिक मैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।

३.१.५) नगरपालिका र उक्त क्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एवं निजी क्षेत्रबाट संचालीत योजना तथा कार्यक्रमको लैङ्गिक तथा सामाजिक परीक्षण (Gender and Social Audit) गर्ने । साथै नगरपालिका तथा वडा कार्यालयहरुलाई पहुँचयक्त बनाउनका लागि अपाङ्गता समावेशी पहुँचयुक्तता परीक्षण (Disability Inclusive Access Audit) गर्ने ।

३.१.६) नगर क्षेत्रमा निर्माण उपभोक्ता समितिमा समावेशी सहभागिता सुनिश्चित गराउनुका साथै समूहमा नयाँ सदस्यको प्रवेश प्रक्रिया सरल र सहज बनाउने ।

३.१.७) नगरपालिका क्षेत्रका सेवाग्राहीहरुको सहभागितामा सेवाप्रदायक निकाय तथा संस्थाहरुले आवधिक सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।

३.१.८) सामान्यतया ५० भन्दा बढी घरधुरी भएका समूहमा महिला, वञ्चित तथा दलित वर्गको सहभागिता हुने गरी अपाङ्गता, लैङ्गिक तथा अन्य समावेशी सहभागीता हुने गरी टोल समिति गठन गरी परिचालन गर्ने ।

३.१.९) महिला, वालवालिका अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरीक, दलित लगायतका वञ्चित वर्गको नगरपालिकामा प्रत्यक्ष पहुँचका लागि सञ्जाल निर्माण गरी परिचालन गर्ने ।

३.१.१०) स्थानीय सरकारबाट गरिने सेवा प्रवाह प्रक्रियामा लैङ्गिक संवेदनशिल कार्य प्रणाली अवलम्वन गर्ने ।

**३.२) स्थानीय स्रोतको बिनियोजन तथा सेवा प्रवाह प्रक्रियालाई लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी तथा जवाफदेही बनाउने ।**

३.२.१) स्थानीय तहका सम्पूर्ण कर्मचारीहरुको कार्य विवरणमा अपाङ्गता, लैङ्गिक समानता तथा सामाजिक समावेशी हिसावले संवेदनशिल हुनुपर्ने विषयहरु समावेश गर्ने ।

३.२.२) लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता अपनाउन दिर्घकालीन कार्ययोजना र आचारसंहिता बनाई लागु गर्ने ।

३.२.३) नगरपालिकामा कार्यरत कर्मचारीहरुका लागि अपाङ्गता समावेशी तथा लैङ्गिक मैत्री कार्यस्थल तथा कार्यवातावरणको सिर्जना गर्ने ।

३.२.४) नगरपालिका कर्मचारीहरुलाई अपाङ्गता समावेशीकरण, लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति तथा कार्यक्रमहरुको बारेमा जानकारी गराउन अभिमूखिकरण गरी अपाङ्गता तथा लैङ्गिक संवेदनशिल कार्यप्रणाली तथा कार्य व्यवहार अपनाउन सजग बनाउने साथै सचेतताका लागि सन्देश मिडिया मार्फत सम्प्रेषण गर्ने ।

३.२.५) समूह/समितिको निर्णय, आम्दानी तथा खर्च, लगायतका विवरण र प्रक्रिया पारदर्शी बनाउने ।

३.२.६) नगरपालिका अन्तर्गतका समूहहरु र सेवाप्रदायक निकाय वीच पारस्परिक सम्बन्ध विस्तार गर्ने ।

**३.३) स्थानीयस्तरको निर्णायक तहमा लैङ्गिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गराउने ।**

३.३.१) नगरपालिकामा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा वञ्चितीकरणमा परेका समुदायका व्यक्तिहरुको नेतृत्व विकास सम्बन्धी क्षमता अभिवृर्धि गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने तथा सूचना सम्प्रेषणका लागि बढीभन्दा बढी मिडिया परिचालन गर्ने ।

३.३.३) समुदाय तहका महिला, दलित, अपाङ्गता भएका व्यक्ति, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक लगायतका पछाडी पारिएको समुदायलाई नेतृत्व विकास तथा क्षमता अभिवृर्धि सम्बन्धी कार्यक्रम संचालन गरी निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको विकास गर्ने ।

३.३.३) स्थानीय स्तरमा संचालीत योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गठित विभिन्न समिति तथा उपसमितिहरु र टोल समुहका कार्यकारी समितिहरुमा महिला, दलित तथा वञ्चितीकरणमा पारिएका समुदायका व्यक्तिहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउने ।

२.३.४) उपभोक्ता समितिको मुख्य निर्णायक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

**<u>रणनीति नं ४. (उदेश्य नं. ४.सँग सम्वन्धित)</u>**

**लैङ्गिक तथा सामाजिक समावेशीकरण संवेदनशिल वजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।**
**<u>कार्यनीति (रणनीति नं ३.सँग सम्वन्धित)</u>**

**४.१) स्थानीय तहका महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरीक, वालवालिका, विपन्न लगायत वञ्चित वर्गहरुको उत्थान सम्बन्धी कार्यक्रम तथा वजेट तर्जुमा गरी कार्यान्वयन गर्ने ।**

३.१.१) स्रोत र सेवामा महिला, दलित, विपन्न एवं वञ्चित वर्गको पहुँच वृद्धि, सशक्तिकरण मार्फत उनीहरुको आवाज सुदृढ र परम्परागत मूल्य मान्यतामा प्रविधिको उच्चतम परिचालन मार्फत परिवर्तन ल्याउने किसिमको वजेट तथा कार्यक्रमलाई प्राथमिकता दिने ।

४.१.२) समुदायस्तरमा सम्पन्नता स्तरीकरण, सामाजिक विश्लेषण, सेवा तथा सुविधा नक्साङ्कन जस्ता आधारभुत सर्वेक्षण गरी सबै पक्षलाई समेट्ने गरी जिविकोपार्जन र सशक्तिकरणका कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

४.१.३) आम महिलाहरुमा जनचेतना तथा क्षमता विकासका लागि जलवायु परिवर्तन, प्रजनन् स्वास्थ्य, यौन रोग तथा एच.आई.भि. तथा एड्स, एकल पुरुष तथा पुरुष हिंसा सम्बन्धी सचेतना, एकल महिला अधिकार, किशोर किशोरी शिक्षा, कानुनी शिक्षा, लैङ्गिक हिंसा न्यूनिकरण, महिला सशक्तिकरणका कार्यक्रम संचालन गर्ने ।

४.१.४) महिला उत्थान कार्यक्रम अन्तर्गत महिलालाई प्रत्यक्ष फाइदा पुग्ने गरी रकम बिनियोजीत गरी प्राविधिक जनशक्ति तयार, आय आर्जन, उद्यमशिलता विकास तथा सिपमुलक विषयहरुलाई प्राथमिकता दिने।

४.१.५) लक्षित वर्गहरुको उत्थान क्षेत्रमा बस्तीस्तरबाट योजना तथा कार्यक्रम माग गरी प्रभावकारी कार्यान्वयनका लागि वडा तहमा गठन भएको महिला, वालवालिका, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरीकको आ-आफ्नो सञ्जाल परिचालनका लागि वजेट बिनियोजन गर्ने ।

४.१.६) नगरपालिका तथा वस्तीस्तरमा गरिने योजना तर्जुमा सम्बन्धी छलफल तथा निर्णयहरु र कार्यक्रम कार्यान्वियन एवं अनुगमन प्रक्रियामा समेत महिला, दलीत, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति लगायत वञ्चित तथा गरिव वर्गहरुको सहभागिता हुने गरी उनीहरुको संगठित सञ्जालहरुलाई संलग्न गराउने ।

**४.२) महिला, एकल महिला, एकल पुरुष, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरीक, गरिव, दलित एवं वञ्चित वर्ग प्रति सकरात्मक विभेद हुने किसिमका कार्यक्रम सञ्चालन गर्ने ।**

४.२.१) नगरपालिका क्षेत्रभित्रका स्रोतको उपयोग र लाभ वितरणमा दलित, वञ्चित तथा विपन्न वर्गको हिस्सा सुनिश्चित गर्ने ।

४.२.२) नगरपालिकाको विकास कार्यमा जलवायु परिवर्तनका असरहरुको समेत न्यूनीकरणमा सहयोग पुर्‍याउन आदिवासी जनजाति र दलितहरुको परम्परागत ज्ञान र सीपमा परिमार्जन र सुधार हुने कार्यक्रमहरु तर्जुमा एवं कार्यान्वयन गर्ने ।

४.२.३) लैङ्गिक हिंसा पिडितहरु, जोखिममा रहेका असहाय, हेरचाह विहिन वालवालिका तथा जेष्ठ नागरीकहरुको संरक्षणका लागि सेवा केन्द्रको व्यवस्थापन सम्बन्धी वजेट तथा कार्यक्रम ल्याउनुका साथै छुट्टै कोषको स्थापना गरी परिचालन गर्ने ।

४.२.४) महिला तथा वञ्चित वर्गको विद्यमान कार्यबोझ कम गर्ने किसिमका कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्ने, गराउने ।

४.२.५) अति गरिव, जेष्ठनागरीक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तलाई विशेष सहुलियत ऋण दिने कार्यक्रमको तर्जुमा गर्ने ।

**४.३) नगरपालिका लगायत यस क्षेत्रमा काम गर्ने सम्पूर्ण सेवा प्रदायक संयन्त्रहरुलाई लैङ्गिक तथा सामाजिक उत्तरदायी बनाउन साथै जलवायु परिवर्तनमैत्री, लैङ्गिक एवं सामाजिक समावेशी हिसावले संवेदनशील कार्यक्रम तथा वजेट निर्माण र अनुगमन प्रणालीको संस्थागत विकास गर्ने ।**

४.३.१) नगरपालिका लगायत सबै सेवाप्रदायक निकायहरुले कार्यक्रम वजेटको निश्चित प्रतिशत रकम महिला, गरिव, दलित, एवं अन्य वञ्चित वर्गको जीविकोपार्जन र सशक्तिकरण कार्यक्रमहरुमा लगानी सुनिश्चित गर्ने ।

४.३.२) नगरपालिकाबाट अधिकतम संख्यामा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, विपन्न एवं वञ्चित वर्गहरुलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरुमा लगानी गर्ने ।

४.३.३) नगरपालिकाको विकट एवं दुर्गम क्षेत्रमा कार्यान्वयन गरिने कार्यक्रम वजेट क्रमशः वृद्धि गर्दै लैजाने ।

४.३.४) सबै तहमा गरिने सूचना संकलन तथा समीक्षामा लैङ्गिक, गरिवी तथा सामाजिक समतातर्फ भएका प्रगती मापन सम्बन्धी सूचकका आधारहरु तय गर्ने, गराउने ।

४.३.५) स्थानीय तहले अनुगमनका लागि उपयोग गर्ने प्रचलित अनुगमन फारामहरुमा अपाङ्गता, लैङ्गिक तथा समावेशी हुनेगरी परिमार्जन र स्थलगत परीक्षण तथा सुधार गर्ने साथै अनुगमनलाई सहज बनाउनका लागि सूचना संकलनमा कोबो कलेक्ट जस्ता एप्सहरुको प्रयोग गर्ने ।

४.३.६) स्थानीय तहका योजना तथा कार्यक्रमहरु र सेवा प्रवाह प्रक्रियाको अनुगमनका लागि सूचना संकलन र विश्लेषण गर्न निश्चित कार्यक्रम र वजेटको व्यवस्था गर्ने ।

४.३.७) नगरपालिका अन्तर्गतका सबै कार्यक्रमहरुको लैङ्गिक तथा सामाजिक परीक्षण गरी तदनुरुप परिमार्जन गर्दै जाने ।

४.३.८) नगरपालिका तहमा गठन भएको लैङ्गिक तथा सामाजिक समावेशीकरण समितिले संयुक्त अनुगमन गरी वार्षिक समीक्षा गर्ने ।

४.३.९) समुदाय स्तरमा स्वःअनुगमन प्रक्रियाको संस्थागत विकास गर्ने तथा सेवाप्रदायक संस्थाहरुका राम्रा सिकाईहरुको दस्तावेजीकरण गर्दै अनुभवहरुको आदान प्रदान गर्ने ।

**४.४) स्थानीय स्रोतहरुको न्यायोचित बितरण एवं उपयुक्त रुपमा वित्तीय स्रोत तथा सेवा प्रवाह र फाइदाहरुमा पहुँच वृद्धि र उपयोग सम्बन्धी अधिकार सुनिश्चित गर्ने ।**

४.४.१) नगरपालिका लगायत सबै सेवाप्रदायक निकायहरुले कार्यक्रम वजेटको निश्चित प्रतिशत रकम महिला, गरिव, दलित, एवं अन्य वञ्चित वर्गको जीविकोपार्जन र सशक्तिकरण कार्यक्रमहरुमा लगानी सुनिश्चित गर्ने ।

४.४.२) नगरपालिकाबाट अधिकतम संख्यामा महिला, दलित र विपन्न एवं वञ्चित वर्गहरुलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरुमा लगानी गर्ने ।

४.४.३) नगरपालिकाको विकट एवं दुर्गम क्षेत्रमा कार्यान्वयन गरिने कार्यक्रम वजेट क्रमशः वृद्धि गदै लैजाने ।

४.४.४) नगरपालिकाको सबै वडा तथा समुदाय तहसम्मको अपाङ्गता, लैङ्गिक तथा सामाजिक खण्डीकृत तथ्याङ्क संकलन, विश्लेषण र नियमित अद्यावधिक गरी सूचना प्रवाह गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने ।

४.४.५) स्थानीय तहले अनुगमनका लागि उपयोग गर्ने प्रचलित अनुगमन फारामहरुमा लैङ्गिक तथा समावेशी हुनेगरी परिमार्जन र स्थलगत परीक्षण तथा सुधार गर्ने ।

**४.५) स्थानीय तहका योजना तथा कार्यक्रमहरु र सेवा प्रवाह प्रक्रियाको अनुगमनका लागि सूचना संकलन र विश्लेषण गर्न निश्चित कार्यक्रम र वजेटको व्यवस्था गर्ने ।**

४.५.१) नगरपालिका अन्तर्गतका सबै कार्यक्रमहरुको लैङ्गिक तथा सामाजिक परीक्षण गरी तदनुरुप परिमार्जन गर्दै जाने ।

४.५.२) नगरपालिका तहमा गठन भएको लैङ्गिक तथा सामाजिक समावेशीकरण समितिले संयुक्त अनुगमन गरी वार्षिक समीक्षा गर्ने ।

४.५.३) समुदाय स्तरमा स्वःअनुगमन प्रक्रियाको संस्थागत विकास गर्ने तथा सेवाप्रदायक संस्थाहरुका राम्रा सिकाईहरुको दस्तावेजीकरण गर्दै अनुभवहरुको आदान प्रदान गर्ने ।

४.५.४) नगरपालिका तहबाट कुनै पनि योजना, आयोजनाका प्रगति सम्बन्धमा अनुगमन गर्नुपर्दा **कोबो कलेक्ट जस्ता एप्सहरुको प्रयोग** मार्फत सूचना तथा जानकारी संकलन गर्ने ।

**४.६) स्थानीय स्रोतहरुको न्यायोचित बितरण एवं उपयुक्त रुपमा वित्तीय स्रोत तथा सेवा प्रवाह र फाइदाहरुमा पहुँच वृद्धि र उपयोग सम्बन्धी अधिकार सुनिश्चित गर्ने ।**

४.६.१) समुदाय तहमा कृषिको आधुनिकीकरण तथा कृषि विकासका क्रियाकलाप मार्फत विपन्न वर्गको खाद्य सुरक्षा वृद्धि गर्ने । साथै विपन्न तथा वञ्चित समुदायहरुलाई श्रोत र सेवामा समानुपातिक पहुँच सुनिश्चितता र वैकल्पिक रोजगारीका अवसरहरुको मात्रामा उल्लेख्य वृद्धि गर्ने ।

४.६.२) नगरपालिकाको वार्षिक कार्यक्रमहरुमा महिला, विपन्न एवं वञ्चित वर्गको आवश्यकता पहिचान गरी माग अनुसारका कार्यक्रमहरुलाई प्राथमिकता दिई योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

४.६.३) लक्षित वर्ग समुदायमा टेवामूलक कार्यक्रम मार्फत महिला र वालवालिका माथि हुने विभेद र हिंसा न्यूनिकरण गर्ने, महिलाका विद्यमान कार्यबोझ कम गर्ने र स्वास्थ्य स्थिति सुधार गर्नमा योगदान हुने खालका कार्यक्रम सञ्चालन गर्ने ।

४.६.४) आन्तरिक तथा सेवाप्रदायक संस्थाहरुसँगको पारस्परिक सहयोगी सम्बन्ध र समूह/समुदायमा लैङ्गिक तथा जातिगत विभेद न्यूनीकरण गर्न मिडिया परिचालनमा जोड दिने ।

**रणनीति नं ५. (उदेश्य नं.५.सँग सम्वन्धित)**
**नेपाल सरकारले अपाङ्गता, लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका लागि जारी गरेका राष्ट्रिय नीति तथा कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुको कार्यान्वयन गर्ने ।**

**कार्यनीति (रणनीति नं.५.सँग सम्वन्धित)**
**५.१) लैङ्गिक हिंसा तथा यौनजन्य दुर्व्यवहार विरुद्ध शुन्य सहनशिलता कायम गर्दै हिंसा मुक्त समाज निर्माण तर्फ अग्रसर रहने ।**
५.१.१) नेपाल सरकारले प्रतिवद्धता जनाएका जलवायु परिवर्तन लगायत महिला, वालवालिका, अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय कानुन, सन्धी, महासन्धी र सम्झौताहरुको वारेमा स्थानीय तहका जनप्रतिनिधी लगायत कर्मचारीहरुमा व्यापक जानकारी गराउने ।

५.१.२) महिला, वालवालिका र अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार सम्बन्धी निर्माण गरिएका राष्ट्रिय कानुनहरु र नेपाल सरकारद्धारा विभिन्न समयमा गरिएका मानवअधिकार लगायतका अन्तराष्ट्रिय प्रतिवद्धताहरुका बारेमा वडा तथा समुदाय तहमा व्यापक जानकारीको लागि सचेतनामुखी अभियानका कार्यक्रमहरु मिडियासँगको साझेदारीमा संचालन गर्ने ।

५.१.३) नगरपालिकाको वडा तहसम्म लैससास र अन्तराष्ट्रिय प्रतिबद्धता अनुरुप स्थानीय तहमा विभिन्न सिप तथा क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्ने ।

५.१.४) लैंगिक हिंसामुक्त वडाहरु र वस्ती घोषणा गर्नका लागि नगरपालिकाले दिर्घकालिन कार्ययोजना बनाई प्रतिबद्धताका साथ सबै सरोकारवालाहरुसँगको सहकार्यमा वडा तथा समुदाय तहमा व्यापक अभियान संचालन गर्ने ।

५.१.५) शान्ति निर्माण प्रक्रियामा महिला सहभागीता अभिवृद्धि, द्धन्द्ध र द्धन्द्ध पश्चात हुने हिंसाबाट प्रभावितहरुको सुरक्षा सम्बन्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित गरिएको प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी बिषयमा जनप्रतिनिधी लगायत सबै कर्मचारीहरु र समुदायस्तरमा अभिमूखिकरण गर्ने साथै संचार माध्ययम र प्रचार सामाग्री मार्फत प्रचार प्रसारमा ल्याइ जानकारी गराउने ।

५.१.६) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन ०७१ मा भएका प्रावधानहरुको बारेमा जनप्रतिनिधी लगायत कर्मचारी तहमा व्यापक जानकारी गराई यौनजन्य दुर्व्यवहार विरुद्ध शुन्य सहनशिलता अपनाउन प्रेरीत गर्ने ।

**५.२) समाजमा विद्यमान गलत सामाजिक अभ्यास तथा सामाजिक विभेदको अन्त्य, महिलाहरुको श्रमको उचित मूल्यांकन र दिगो विकास प्रक्रियालाई संस्थागत गर्ने ।**

५.२.१) समुदायस्तरमा प्रचलित कुरीति र कुसंस्कार अन्त्य गर्ने खालका सिर्जनात्मक कार्यक्रमहरु जस्तैः जातीय विभेद, सामाजिक विभेद, लैङ्गिक विभेद विरुद्ध समुदाय तहमा कानुनी शिक्षा र जनचेतनामूलक अभियान संचालन गरी समुदाय तहमा विभेद विरुद्ध वकालत गर्ने क्षमताको अभिवृद्धि गर्ने ।

५.२.२) वैदेशिक रोजगारीमा जाने महिलाहरुलाई वैदेशिक रोजगारी सम्बन्धी व्यवस्थाहरुको बारेमा ज्ञान र बिदेशमा गई काम गर्न सक्ने सिप तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

५.२.३) दिगो विकास एजेण्डा २०३० मा व्यवस्था भएका १७ वटा लक्ष्यहरु र उक्त लक्ष्य अर्न्तगतका सुचकहरु साथै दिगो विकास लक्ष्य नं ५ ले निर्दिष्ट गरेको लैङ्गिक समानता तथा महिला सशक्तिकरण बारेमा नगरकार्यपालिका साथै वडा तहसम्म जानकारी गराई सोही आधारमा वार्षिक नीति तथा कार्यक्रम र वजेटको विनियोजनमा प्राथमिकता दिने ।

५.२.४) आम महिलाहरुको दैनिक घरायसी कामको मूल्यांकन गरी उत्पादन मुल्यमा समायोजन गर्ने ।

**रणनीति ६ (उदेश्य नं. ६.सँग सम्वन्धित)**

**६.१. विपन्न तथा पछाडी पारिएका र वञ्चित व्यक्ति, समुदायको नेतृत्व विकास क्षमता अभिवृद्धि गरी निर्णायक तहमा प्रतिनिधित्व सुनिश्चित गर्नेगरी अनुगमन तथा मूल्यांकन संयन्त्र अपाङ्गता समावेशी तथा लैससास मैत्री बनाउने ।**

**कार्यनीति** (रणनीति नं ६.सँग सम्वन्धित)

६.१.१ नगरपालिकाको सवै नीति निर्माण, योजना र आयोजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन प्रत्येक चरणमा लैससास दृष्किोणबाट अनुगमन तथा मुल्यांकन गर्ने र यसलाई संस्थागत गदै लैजाने ।

६.१.२ स्थानीय महिला, एकल महिला, एकल पुरुष, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक, विपन्न खस आर्य दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदायलाई मानव अधिकार, जलवायु परिवर्तन, सुशासनको कोणबाट नेतृत्व क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।

६.१.३ स्थानीय तहमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा वञ्चित समुदायका व्यक्तिको नेतृत्व वहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

६.१.४ स्थानीय महिला, दलित, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक लगायत वञ्चितीकरणमा पारिएका व्यक्ति समुदायलाई नेतृत्व क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गरी निर्णायक भूमिका वहन गर्न सक्ने क्षमताको विकास गर्ने ।

६.१.५ योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा लक्षित व्यक्ति वा समुदायको लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गराउने ।

६.१.६ उपभोक्ता समितिको मुख्य निर्णायक पद क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला तथा अपाङ्गता भएका व्यक्ति रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

६.१.७ नगरपालिका तहमा गठन भएका लक्षित व्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता वृद्धि गर्ने ।

६.१.८ लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत अनुगमन संयन्त्र (संजाल) निर्माण गर्ने ।

६.१.९ लैङ्गिक समावेशी विकासका प्रभाव अनुगमनको लागि प्रभावकारी कार्यनीति तथा पद्धति निर्माण गर्दै अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तर्जुमामा समावेश गर्ने ।

देवचुली नगरपालिकाले संचालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैससास, अपाङ्गता समावेशीता, जलवायु परिवर्तनका साथै प्रविधिको उच्चतम परिचालनको दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गरि मूलप्रवाहीकरण गर्दै लैजाने रणनीति लिईने छ । यसका लागि प्रदेश सरकारका नीति, योजना तथा कार्यक्रमहरुसँग नबाभिmने गरि तथा तादात्म्यता रहने गरि नगरपालिकाका नीति, योजना तथा कार्यक्रमहरु तय गरिने छ साथै गैह्रसरकारी संस्था तथा विकास साझेदारहरुलाई नगरपालिकाको आवश्यकता तथा प्राथमिकताका आधारमा परिचालन, समन्वय, सहकार्य तथा सहयोग आदान प्रदान गरिने छ ।

### ३.३ प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यन्वयनको लागि ५ वर्ष कार्ययोजना

| उदेश्यहरु | कार्यक्रमहरु | जिम्मेबार निकाय | समय अवधि | लक्षित वर्ग /समुह |
|---|---|---|---|---|
| **उदेश्य** १. नगरपालिकाका हरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनहरुमा स्थानीय जनताको लैङ्गिक तथा सामाजिक रुपले समानुपातीक सहभागिता सुनिश्चित गर्ने । | १. नगरपालिकाको आवधिक, विषयगत एवं वार्षिक योजना, गुरुयोजना र विद्यामान नीति तथा कार्यक्रम, निर्देशिका र कार्यविधिहरुमा भएका लैङ्गिक विभेद तथा असमानताहरु पहिचान, समीक्षा एवं विश्लेषण गरी अपाङ्गता, लैङ्गिक तथा समावेशी प्रक्रियाबाट परिमार्जन र संशोधन गर्ने ।<br><br>२.लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति तथा स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना निर्माण र यसले निर्दिष्ट गरेका रणनीतिहरु कार्यान्वयन गर्न आवश्यक निर्देशिका एवं कार्ययोजना निर्माण गरी लागु गर्ने ।<br><br>३. अपाङ्गता समावेशीकरणका लागि नगरपालिकाका सबै कार्यालयहरुको पहुँचयोग्यता (पूर्वाधार, सूचना र सेवा प्रवाह) सम्परीक्षण (Accessibility Audit) गरी नगरपालिकालाई मानवमैत्री सेवा प्रदायकको रुपमा स्थापना गर्ने ।<br><br>४.स्थानीय सरकारले वडा तहसम्म लैङ्गिक समानता तथा सामाजिक समावेशी रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट निर्देशन गर्ने।<br><br>५.सशक्तिकरण एवं क्षमता विकासका कार्यक्रम मार्फत सामुदायिक विकास प्रक्रियामा स्थानीय व्यक्ति एवं समुदायहरुको सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गरिने छ ।<br>६) वार्षिक योजना तर्जुमाको चरणमा सम्वोधन प्रक्रिया सुनिश्चित गर्नका लागि स्थानीय सवाल तथा समस्याहरुलाई नियमित अद्यावधिक गरिनेछ ।<br><br>७) टोल, बस्ती हुँदै वडाहरुमा योजना तर्जुमाका चरणहरुमा महिला सहभागिता र सामाजिक रुपले बञ्चितिकरणमा परेकाहरुको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।<br><br>८) नगरपालिकाको भित्र कार्यरत सबै सामाजिक संघ संस्थाहरुमा जलवायु उत्थानशील लैससास रणनीति बनाउन | नगरपालिका तथा वडा कार्यालय | १-३ बर्ष | १.लक्षित वर्ग /समुह( खण्डीकृत तथ्याङ्क भित्र समावेश गरिएका वर्गहरु)<br><br>२. नीति, रणनीतिहरु कार्यविधि कार्यान्वयन निर्देशिका लक्षित वर्ग/समुहका लागि ।<br><br>३.लक्षित वर्ग/समुहका लागि रणनीति<br><br>४. अपाङ्गता भएका व्यक्ति<br><br>५. लक्षित वर्ग/समुह विशेष गरी महिला, एकल महिला, वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक, विपन्न तथा वञ्चितीकरणमा परेका समूह<br><br>६. खोज तथा अनुसन्धान गरि लक्षित वर्ग/समुह सवाल तथा समस्या पहिचान गर्ने।<br><br>७. ३३ प्रतिशत महिला सहभागिता<br><br>८. लैससास आचार संहिताको निर्माण |

| | | | | |
|---|---|---|---|---|
| | उत्प्रेरित गर्ने र सबै वडालाई सुरक्षित र मर्यादित बनाउनका लागि लैससास आचार संहिताको निर्माण गरि कार्यान्वयन गर्ने ।<br><br>९) लक्षित वर्ग/समुह तहमा क्षमता विकास र सचेतिकरणका अभियान संचालन गर्ने ।<br><br>**१०**) सबै नीतिहरूमा अपाङ्गता भएका व्यक्तिहरुका आयामलाई प्रणालीगत रुपमा समावेश गर्ने ।<br><br>११) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने ।<br><br>१२) छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, जलवायु परिवर्तनका कारणहरुबाट सिर्जित लैङ्गिक विभेद र हिंसाका घटनाहरूसँग सम्वन्धित उजुरी दर्ताकिताब र यस सम्वन्धि न.पा.का नीति, रणनीति तथा कार्यविधिहरु निर्माण गर्ने ।<br><br>१३) वैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा परेका महिला श्रमिकको पून:स्थापना र संरक्षण तथा पून:स्थापना सम्बन्धी कार्यक्रम संचालन गर्ने ।<br><br>१४) नगरपालिका र वडागत रुपमा अपाङ्गता समावेशी तथा लैससासमा प्रमुख सवालहरुलाई प्राथमिकीकरण गर्ने<br><br>१५) अपाङ्गता समावेशी तथा लैससाससँग सम्वन्धित सम्पूर्ण तथ्याङ्कहरुलाई खण्डिकृत रुपमा अभिलेखिकरण गरी सोको विश्लेषण र नियमित अद्यावधिक गरी योजना तर्जुमा गर्दा सो तथ्याङ्कलाई प्रमुख आधारको रुपमा उपयोग गरिनेछ ।<br><br>१६) सबै न.पा. भित्रका सबै वडाको लैससास सम्बन्धि सबै वडाको पार्श्वचित्र बनाउने । | | | ९. लक्षित वर्ग/समुह (खण्डीकृत तथ्याङ्क भित्र समावेश गरिएका वर्गहरु)<br><br>**१०.** अपाङ्गता भएका व्यक्तिहरु<br><br>११. लक्षित वर्ग/समुह<br><br>१२. न.पा.को नीति, रणनीति तथा कार्यविधिहरु निर्माण<br><br>१३. वैदेशिक रोजगारीमा गएका महिला तथा पुरुष लक्षित वर्ग /समुह( खण्डीकृत तथ्याङ्क भित्र समावेश गरिएका वर्गहरु)<br><br>१४. प्रमुख सवालहरु प्राथमिकीकरण प्रमाणिकरण कार्य विधि ।<br><br>१५. खण्डिकृत तथ्याङ्क (लक्षित वर्ग/समुह) नियमित अद्यावधिक गर्ने।<br><br>१६. न.पा. तथा वडाको अपाङ्गता समावेशी तथा लैससासमैत्री पार्श्वचित्र बनाउन । |
| **उदेश्य २**<br>लैंगिक तथा जातिय समानता कायम गर्दै अपाङ्गतामैत्री तथा विपन्नमैत्री देवचुली | १. नगरपालिकाभित्रका सबै सार्वजनिक निकायहरुको पहुँचयोग्यताको सम्परीक्षण (Accessibility Audit) गर्ने ।<br><br>२. नगरपालिकाका सडक तथा पूर्वाधारहरुलाई | नगरपालिका संघ, प्रदेश, गैह्रसरकारी संस्था, स्थानीय | १-५ वर्ष | विपन्न तथा एकल महिला, एकल पुरुष, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक तथा लैङ्गिक |

| | | | | |
|---|---|---|---|---|
| बनाउनु । | मानवमैत्री बनाउनका लागि नेपाल राष्ट्रिय भवन संहिता तथा अपाङ्गता भएका व्यक्तिहरूको लागी पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका २०६९ को कार्यान्वयका लागि नगरक्षेत्रभित्रका निर्माण व्यवसायीहरु तथा ईन्जिनियरिंग विषयका कर्मचारीहरुलाई अभिमुखीकरण प्रदान गर्ने ।<br><br>३. अपाङ्गता समावेशी विकास तथा पून:स्थापना (Disability Inclusive Development and Rehabilitation) अवधारणा सम्बन्धमा नगरपालिकाका नेतृत्व, समिति उपसमिति तथा कर्मचारीहरुलाई अभिमुखीकरण प्रदान गर्ने ।<br><br>४. अपाङ्गता व्यवस्थापन सम्बन्धी रणनीति, नीति तथा कार्यविधिहरु निर्माण गर्ने ।<br>५. स्थानीय निकाय अपाङ्गता समन्वय समितिलाई ऐनले दिएको अधिकार पूर्ण कार्यान्वय गर्न गराउनका लागि क्षमता विकास गर्ने ।<br><br>६. उत्पादकत्व वृद्धिका लागि नगरपालिका क्षेत्रभित्र रहेका अपाङ्गताभएका व्यक्तिहरुद्वारा संचालित संचालित संघसंस्थाहरु (OPDs) को क्षमता अभिबृद्धि गर्दै तिनीहरुलाई नगरपालिकाको वृत्ति विकासका लागि परिचालन गर्ने ।<br><br>७. नगरक्षेत्रभित्र बसोबास गर्ने अपाङ्गताभएका व्यक्ति, अशक्त तथा जेष्ठनागरिकहरुका लागि आवश्यक सहायक सामाग्रीहरु उत्पादनका लागि लगानी गर्ने, खरीद गर्ने तथा व्यवस्थापन गर्ने ।<br><br>८. नगरपालिकामा बसोबास गर्ने गरिव परिवार पहिचान सम्बन्धी लेखाजोखा गर्ने ।<br><br>९. लेखाजोखाबाट प्राप्त तथ्यांक सूचनाका आधारमा गरिव पहिचान पत्र वितरण गर्ने ।<br><br>१०. नगरपालिकाका कुनै पनि योजना, आवधिक योजना तथा परियोजनाहरुमा पहिचान भएका गरिव परिवारहरुलाई प्राथमिकताका साथ स्थान दिने । | सेवा प्रदायकसँग समन्वय | | अल्पसंख्यक तथा सीमान्तकृत समुहहरू तथा गरिव परिवारहरु |

| | | | | |
|---|---|---|---|---|
| | ११. संघ तथा प्रदेशबाट गरिव परिवारहरुका लागि प्रावधान भएका सेवा, सुविधाहरु वितरण गर्नका लागि प्रभावकारी समन्वय गर्ने ।<br><br>१२. नगरपालिकाका कुनै पनि योजना, आवधिक योजना तथा परियोजना तर्जुमा गर्दा, सेवा सुविधा वितरण गर्दा विशेष गरि महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा पुरुष तथा विपन्न खसआर्य आदिलाई विशेष प्राथमिकता दिने । | | | |
| **उदेश्य ३**<br>लक्षित वर्ग/समुहको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील भई अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषय मूलप्रवाहीकरण प्रति उत्तरदायी र संवेदनशील हुन स्थानीय तहका जनप्रतिनिधी, कर्मचारीहरु र संघसंस्था एवं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने । | १. नगरपालिका लगायत वडा तहसम्म लैससासका विषय जानकारी गराई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरीत गरिने ।<br><br>२. नगरपालिकामा गठन गरिने विभिन्न समिति तथा उप-समितिहरुमा नेपाल सरकारको नीति अनुरुप अपाङ्गता, लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्ने ।<br><br>३. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता अपनाउन नगरपालिकाको दिर्घकालीन कार्ययोजना र आचारसंहिता बनाई लागु गर्ने ।<br><br>४. उपभोक्ता समितिको मुख्य निर्णायक पदहरुमा क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला तथा अपाङ्गता भएका व्यक्ति रहने व्यवस्थालाई अनिवार्य बनाई प्रभावकारी कार्यान्वयन गर्ने ।<br><br>५. मानव अधिकार, जलवायु परिवर्तन, अपाङ्गता समावेशीकरण, पुरुष हिंसामा आधारित जनचतेनामूलक क्रियाकलाप तथा अभियानहरू सञ्चालन गर्ने जसमा मिडिया साझेदारी प्रभावकारी रुपमा परिचालन गर्ने ।<br><br>६. विपन्न वर्गका महिलाको कार्यबोझ घटाउने किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने ।<br><br>७. लक्षित वर्ग समुहहरूको लागि समूह निर्माण र सवलीकरण, लघु-उद्यम विकास योजना, होटेल व्यवस्थापन, कम्प्युटर तथा मोबाइल मर्मत आदि कार्यक्रम सचालन गर्ने।<br><br>८. कृषिमा आधारित सीपमूलक तालिम तथा सीप विकास गर्ने विभिन्न कार्यक्रमहरू | नगरपालिका तथा वडा | १-५ बर्ष | १. महिला, वालवालिका, अपाङ्गता र मानव अधिकार लगायतका क्षेत्रमा नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रमा भएका प्रावधानहरुको बारेमा सबै निकायहरुमा<br><br>२./३./४.लक्षित वर्ग/समुह<br><br>५.समाजमा रहेको विभेदकारी सामाजिक मूल्य-मान्यता र व्यवहारहरूलाई परिवर्तन गर्ने खालका<br><br>६. खानेपानी, वैकल्पिक उर्जा, सौर्य उर्जा, सुधारिएको चुलो, गोबर ग्यास, खाद्य प्रशोधन आदि<br><br>७.विपन्न तथा एकल महिला, एकल पुरुष, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा सीमान्तकृत समुहहरू |

| | | | | |
|---|---|---|---|---|
| | सञ्चालन गर्ने ।<br><br>९. बैक, सहकारी र फाइनान्स कम्पनी जस्ता संस्थाबाट लक्षित वर्ग/ समुहका व्यक्तिहरूलाई सामाजिक उत्तरदायि वजेट लगानी गरी आयआर्जनको व्यवस्था मिलाउने। | | | ८. लक्षित वर्ग/समुह<br><br>९. लक्षित वर्ग/समुहको आय बृद्वि गर्न प्रत्यक्ष सघाउ पुग्ने किसिमका तालिम तथा सीपहरू |
| **उदेश्य.४**<br>नगरपालिका तहको स्रोत परिचालन, सेवा प्रवाह र लाभ वाँडफाँड गर्दा प्रविधिको उच्चतम प्रयोग, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण साथै जलवायु परिवर्तनका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने । | १.नगरपालिकाको लैससास इकाई/शाखा स्थापना गर्ने ।<br><br>२.नगरपालिकाको लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।<br>३.महिला, वालवालिका, अपाङ्गता तथा जेष्ठ नागरीक शाखालाई व्यवस्थीत बनाई परिचालन गर्ने ।<br><br>४. आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको आर्थिक तथा सामाजिक उत्थानमा लगानी गर्ने ।<br><br>५.नगरपालिकावाट बिनियोजित स्रोत र सेवा प्राप्तीमा लक्षित वर्ग/समुहको पहुँच वृद्धि साथै उनीहरुको सशक्तिकरण र परम्परागत मूल्य मान्यतामा सकारात्मक परिवर्तन ल्याउने किसिमको कार्यक्रम गर्ने ।<br><br>६. नगरपालिकाको विद्यमान श्रोतको आधारमा सेवा प्रवाहलाई चुस्त बनाउन आन्तरिक कार्यप्रणालीहरुलाई विद्यतीय सुशासन र अन्य सहज प्रविधिसँग जोड्ने । | | | १.लैससास इकाई /शाखा स्थापना भएको<br><br>२.लैससास सम्पर्क व्यक्ति नियूक्ती प्रत्रको प्रतिलिपि<br><br>३.महिला, वालवालिका तथा जेष्ठ नागरीक शाखालाई व्यवस्थित कार्यविधि प्रतिलिपि<br><br>४.महिला, दलित, विपन्न तथा एकल महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य<br><br>५. महिला, दलित, विपन्न एवं वञ्चित वर्गको<br><br>६. सेवाग्राही नागरिक |
| **उदेश्य ५**<br><br>नगरपालिकाका सम्पुर्ण संरचना लगायत नगर क्षेत्रमा कार्यरत संघसंस्था, विकास साझेदार, निजी क्षेत्र र सरोकारवालाहरुसँग समन्वय एवं पारस्परिक सम्बन्ध बिस्तार गरी योजना निर्माण, कार्यक्रम तथा | १. नगरपालिकाको संयन्त्र र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा अपाङ्गतामैत्री तथा लैङ्गिक मैत्री शौचालय व्यवस्था सुनिश्चितताका लागि कार्यविधि निर्माण गर्ने ।<br><br>२. नगरपालिका सबै वडा कार्यलयहरूमा महिलाको विशेष अवस्थालाई सम्वोधन गर्ने किसिमका नीतिगत तथा बजेटरी व्यवस्था मिलाउने ।<br><br>३. नगरपालिका क्षेत्रभित्र रहेका लक्षित वर्ग/समुहलाई लक्षित गर्दै कृषि र पशुपालन | | | १. लक्षित वर्ग/समुह( खण्डीकृत तथ्याङ्क भित्र समावेश गरिएका वर्गहरुका लागि)<br><br>२.स्तनपान कक्ष, शिशु स्याहार कक्ष आदिका<br><br>३. महिला, एकल महिला, हिंसा पिडित पुरुष, अपाङ्गता भएका व्यक्ति, विपन्न खसआर्य लगायत |

| | | | | |
|---|---|---|---|---|
| वजेट तर्जुमा, कार्यान्वयन र अनुगमन लगायत विकासका सबै चरणहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका प्रक्रियालाई सुनिश्चित गर्ने सम्बन्धमा लैङ्गिक उत्तरदायी र जवाफदेही हुन मार्गदर्शन गर्ने । | सम्बन्धी प्राविधिक सिप तथा क्षमता विकासका लागि आवश्यकता पहिचान गरी तालीम प्रदान पश्चात प्राविधिक जनशक्ति तयार गर्ने ।<br>४. स्थानीय स्रोतमा आधारित कृषि, पशुपालन तथा अन्य योजनाहरुको वैंक तयार गरी तेश्रो पक्षहरुलाई लगानी सम्मेलन मार्फत लगानीका लागि आव्हान गर्ने अवसर सिर्जना गर्ने ।<br><br>५. जलवायु उत्थानशील तथा समावेशी विकासका लागि जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको लगत राख्दै परिमार्जन र सुधार गर्ने ।<br><br>६. आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा वजेट सुनिश्चित गर्ने ।<br><br>७. विस्तृत अध्ययन सम्पन्न गरी लक्षित वर्गको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।<br><br>८. प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षित व्यक्ति समुदायलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने ।<br><br>९. सेवाग्राही नागरिकहरुको गुनासो सुनुवाई, पृष्ठपोषण तथा सुझाव लिनका लागि सामाजिक सञ्जाल, भर्चुअल विधि तथा सूचना प्रविधिमैत्री प्रणालीको उच्चतम प्रयोग गर्ने ।<br><br>१०. ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई नगरपालिकाबाट उपलब्ध गराईंदै आएको सामाजिक सुरक्षा भत्ता वितरणलाई संस्थागत गर्न कार्यविधि निर्माण गर्ने । | | | वञ्चित व्यक्ति, समुदाय<br><br>४. वाह्य लगानी कर्ताहरु<br><br>**५.** विपन्न एवं वञ्चित व्यक्ति, समुदायका<br><br>६.लक्षित वर्ग/समुह( खण्डीकृत तथ्याङ्क भित्र समावेश गरिएका वर्गहरु).<br><br>७. लक्षित वर्ग/समुह( खण्डीकृत तथ्याङ्क भित्र समावेश गरिएका वर्गहरु)<br><br>८. लक्षित वर्ग/समुह( खण्डीकृत तथ्याङ्क भित्र समावेश गरिएका वर्गहरु)<br><br>९. नगरपालिका नेतृत्व तथा कर्मचारी संयन्त्र<br><br>१०. नगरपालिका तथा अपाङ्गता भएका व्यक्तिहरु |
| **उदेश्य ६.**<br><br>लक्षित वर्ग/समुहका व्यक्तिहरूको सशक्तिकरण एवं क्षमता विकासका कार्यक्रम मार्फत सामुदायिक विकास प्रक्रियामा उक्त व्यक्ति | १. लक्षित वर्ग/समुहमा नगरपालिकाको सन्देश प्रभावकारी रुपमा सम्प्रेषण गर्न स्थानीय एफ.एम.रेडियो स्टेशनहरुसँग सहकार्य गर्ने ।<br><br>२. स्थानीय तहमा निर्णायक भूमिकामा रहेका नेतृत्वकर्ताहरुका लागि मानव अधिकार, जलवायु परिवर्तन, सुशासन, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय समावेशी विकास र अधिकारका लागि तय भएका अर्न्तराष्ट्रिय सन्धी, महासन्धी, | | | १.महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक, विपन्न खसआर्य, दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदाय |

| | | | | |
|---|---|---|---|---|
| तथा समुदायहरुको सक्रिय सहभागिता तथा प्रविधिको प्रयोगको सुनिश्चितता गर्ने । | अभिसन्धीहरु सम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने ।<br><br>३. नगरपालिका तहमा गठन भएका लक्षित व्यक्ति, समुदायका सञ्जालहरुको योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता वृद्धिका लागि तालिमका अवसरहरु प्राथमिकताका साथ उपलब्ध गराउने ।<br><br>४. लैङ्गिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त नगरपालिकाको घोषणा गर्न स्थानीय तहको कार्ययोजना बनाई लागु गर्ने ।<br><br>५. संस्थागत विकासमा सिकाई अनुसरण सहितको प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्न कार्यविधि, प्रकृया तथा संरचना निर्माण मार्फत कार्यान्वयन गर्ने ।<br><br>६. नगरपालिकाको बौद्धिकस्तर अभिवृद्धि गर्न तथा दस्तावेजीकरण प्रकृयालाई पेशागत बनाउन नगरपालिकासँग काम गरेका विषयगत विज्ञ तथा परामर्शदाताहरुलाई परिचालन गर्ने । | | | २. महिला, दलित तथा वञ्चित समुदायका व्यक्तिको<br><br>३. महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक, दलित सञ्जाल<br><br>४. हिंसामुक्त वडा, नगरपालिका घोषणा गर्ने कार्ययोजना ।<br><br>५. अनुगमन संयन्त्र (सञ्जाल) नामावली, कार्यविधि आदि<br><br>६. अनुगमन तथा मूल्याङ्कनबाट प्रतिवेदन ।<br><br>७. नगरपालिकाको खरीद योजना |

### ३.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयन पद्धती:

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र नगरपालिकाको सञ्चालन पद्धती, सेवा प्रवाह र कार्यप्रणालीलाई जलवायु उत्थानशील, अपाङ्गतामैत्री, लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सकिन्छ । नगरपालिकाका जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास रणनीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । नगरपालिका क्षेत्रभित्र क्रियाशिल सबै निकायहरुहरुको लैससासको क्षेत्रमा गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बिच नियमित समन्वय तथा साझेदारी गरिनेछ । नगरपालिकाका क्रियाशिल सबै संयन्त्र लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास रणनीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ । त्यसैगरी लैससास रणनीतिको प्रभाबकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालीत मानव स्रोतको क्षमता विकास गरिनेछ ।

#### ३.४.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन:

लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम नगरपालिकाका भित्रका भौतिक संरचना, सेवा प्रवाह र सूचना प्रणाली लगायत संस्थागत संयन्त्रको सुधार गरी लैससासमैत्री तथा अपाङ्गतामैत्री बनाइनेछ । सामुदायिक विकास कार्यक्रममा समानुपातिक सहभागीता र समावेशीकरण प्रक्रियालाई प्रभावकारी बनाइनेछ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषत: निम्नानुसारका संस्थागत संयन्त्र स्थापना र व्यवस्थापन गरी परिचालन गरिनेछ ।

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ ।

ख) नगरपालिका स्तरीय अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गरिनेछ ।

ग) लैंससास सम्पर्क व्यक्ति (GESI Focal Person) नियुक्त गरी कार्यविवरण तोकी परिचालन गर्ने ।

घ) महिला कर्मचारीहरु र महिला सेवाग्राहीलाई सहजताका लागि लैङ्गिक मैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गर्ने ।

ङ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका विभेद निवारणका लागि गुनासो सुनुवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैंससासमैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

छ) स्थानीय समुदायको समानुपातिक सहभागितामा टोल समिति गठन गरी योजना तर्जुमा प्रक्रिया र सामुदायिक विकास कार्यमा क्रियाशिल बनाउने ।

ज) सूचना शाखाको प्रभावकारी व्यवस्थापन गरी खडिकृत बिद्युतीय सूचना प्रणालीलाई व्यवस्थित र क्रियाशिल बनाउने ।

झ) नगरपालिकाका लगायत सबै सार्वजनिक निकायमा लैङ्गिक मैत्री, वालमैत्री, अपाङ्गतामैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रवाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।

ञ) हिंसा पिडित तथा विभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाहरुको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, जोखिममा रहेका तथा बिशेष संरक्षणको आवश्यकता भएका जेष्ठ नागरीक र वालवालिकाको लागि बैकल्पीक हेरचाहको व्यवस्था सुनिश्चित गर्ने ।

#### ३.४.२. नगरपालिकाका सरोकारवालाहरुको कार्यभूमिका निर्धारण

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाका लगायत यस क्षोत्रभित्रका सबै सरोकारवाला निकायले दायित्व बोध गर्नु जरुरी छ । लैससास रणनीतिले नगरपालिका लगायत यस क्षेत्रभित्र क्रियाशिल विभिन्न निकाय वा

सरोकारवालाले लैससासको क्षेत्रमा अवलम्वन गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी जिम्मेवारी तोकिएको छ । लैससास रणनीतिमा तोकिएको कार्यभूमिका प्रभावकारी कार्यान्वयन गर्न लैससास शाखाबाट नियमित समन्वय र सहकार्य गर्नुका साथै कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन समेत गरिने छ । लैससास रणनीतिमा निर्दिष्ट कार्यभूमिका निम्न बमोजिम उल्लेख गरिएको छ ।

| जिम्मेवार निकायहरु | कार्यभूमिका |
|---|---|
| देवचुली<br><br>नगरपालिका | ▪ प्रदेश सरकारका नीति, योजना तथा कार्यक्रमहरुसँग दोहोरोपना नहुनेगरि नगरपालिकाका नीति, योजना तथा कार्यक्रम तय गर्न सचेत रहने ।<br><br>▪ लैंससास उत्तरदायी योजना तर्जुमा तथा वजेट बिनियोजन प्रणालीलाई अनिवार्य तथा संस्थागत गर्ने ।<br><br>▪ नगरपालिकाका समग्र विकास प्रक्रियामा अपाङ्गता, लैङ्गिक तथा सामाजिक समावेशी मूलप्रवाहीकरण सुनिश्चितताका लागि नीति, रणनीति तथा कानुनको समीक्षा वा पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br><br>▪ **नगरपालिकाका नेतृत्व, समिति उप समिति तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विज्ञ परामर्शदाताको सहयोगमा क्षमता अभिवृद्धि आवश्यकता पहिचान मार्फत उनीहरुको क्षमता अभिवृद्धिका क्षेत्रहरु पहिचान गर्ने ।**<br><br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अर्न्तराष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई लागु गर्ने ।<br><br>▪ नगरपालिकाका लगायत गाउँपालिका क्षेत्रमा परिचालीत सबै निकायबाट उपलब्ध गराइने सेवा सुविधा र लाभ वितरणमा अपाङ्गता, लैङ्गिक तथा सामाजिक समावेशी पहुँच वृद्धिका लागि स्पष्ट निर्देशन दिने ।<br><br>▪ लैङ्गिक समानता तथा सामाजिक समावेशी शाखा वा इकाई स्थापना गरी लैङ्गिक अवधारणा सम्बन्धी क्षमता विकासका कार्यक्रम संचालन गर्न जिम्मेवारी तोक्ने ।<br><br>▪ वडा तथा टोलबस्तीबाट योजना तर्जुमा प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।<br><br>▪ नगरपालिकाका लगायत सबै सार्बजनिक निकायमा लैङ्गिकमैत्री, वालमैत्री, अपाङ्गतामैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रवाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।<br><br>▪ लैंससास सम्पर्क व्यक्ति नियुक्त गरी निजको कार्य भूमिका तोक्ने ।<br><br>▪ लैससास परिक्षण तथा अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्ने ।<br><br>▪ हिंसा पिडित तथा विभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, विशेष संरक्षणको आवश्यकता भएका जेष्ठ नागरीकहरुको लागि दिवा सेवा केन्द्र, जोखिममा रहेका र विशेष स्याहारको आवश्यकता भएका वालवालिकाको लागि बैकल्पीक हेरचाहको व्यवस्था सुनिश्चित गर्ने ।<br><br>▪ स्थानीय महिला, एकल महिला, वालवालिका, जेष्ठ नागरीक, दलित, जनजाति, |

| | |
|---|---|
| | अपाङ्गता भएका व्यक्ति लगायत पछाडि पारिएका व्यक्ति, समुदायको सञ्जाल गठन गरी सेवा प्रवाह र लाभमा पहुँच वृद्धिका लागि परिचालन गर्ने ।<br>▪ नगरपालिकाका सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन सम्वन्धित प्रविधिसँग जोड्ने ।<br>▪ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत र कानुनी उपयोगिता र प्रभाकारिता मूल्याङ्कन गर्ने ।<br>▪ स्थानीय आवश्यकता अनुसार नीतिगत मापदण्ड बनाई लागु गर्ने, गराउने । |
| वडा कार्यालय | ▪ नगरपालिकाका जारी गरिएका नीति, रणनीति तथा कानुन र निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>▪ टोलबस्ती हुदै वडामा लैससास उत्तरदायी योजना तथा वजेट निर्माण प्रति सवेदनशिलता अपनाउने ।<br>▪ समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा महिला, दलित, जनजाती, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, वालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरीक, विपन्न खसआर्य लगायतका वर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्ने,<br>▪ सार्वजनिक स्रोत तथा सेवा प्रवाह र लाभमा अपाङ्गता, लैङ्गिक तथा समावेशी पहुँच सुनिश्चित हुने गरी न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।<br>▪ योजना तथा कार्यक्रम कार्यान्वयन प्रणाली समावेशी र सहभागितामूलक बनाउन समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने ।<br>▪ वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र बिश्लेषण गरी नगरपालिका सूचना शाखामा अद्यावधिक गर्न सहयोग गर्ने ।<br>▪ नगरपालिकाभित्रको प्रविधि प्रणालीसँग जोडिएर गर्नुपर्ने सेवा प्रवाहलाई प्रभावकारी रुपमा सहयोग गर्ने । |
| लैङ्गिक समानता तथा सामाजिक समावेशी शाखा | ▪ नगरपालिकाका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापको मूलप्रवाहीकरण सम्बन्धमा नीति, रणनीति तथा कानुन पुनरावलोकन गर्न नगरकार्यपालिकालाई प्राविधिक सहयोग प्रदान गर्ने ।<br>▪ विभिन्न विषयगत शाखा बीच समन्वय गरी नगरपालिकाको खण्डीकृत तथ्याङ्क र विश्लेषण गरिएका सूचना अनुरुप नियमित योजना तथा कार्यक्रममा लैङ्गिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चित गर्न सहजीकरण तथा अभिप्रेरीत गर्ने ।<br>▪ योजना, कार्यक्रम तथा वजेट लैससास मैत्री भए नभएको एकिन गर्न लैंङ्गिक समानता र सामाजिक समावेशीकरणका सूचकहरु समावेश हुनेगरी खण्डीकृत ढाँचा तयार गरी अनुगमन तथा निर्देशन समितिलाई उपलब्ध गराउने ।<br>▪ क्षमता विकास कार्यक्रम संचालन गरी अपाङ्गता समावेशी तथा लैङ्गिक सवेदनशिल कार्य प्रणाली र कार्य प्रक्रिया अवलम्वन गर्न सहयोग गर्ने ।<br>▪ लैङ्गिक सम्पर्क व्यक्ति मार्फत शाखामा आएका लैङ्गिक तथा समावेशी सवाल सम्बन्धी गुनासा एवं उजुरी प्रविधिमार्फत लिने र सम्वोधनकालागि सुरक्षितस्थान को |

| | |
|---|---|
| | व्यवस्था गर्दै नगरकार्यपालिकासँग समन्वय गर्ने ।<br>▪ नगरपालिकाको सूचना शाखासँग नियमित समन्वय गरी खण्डीकृत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न सहजीकरण एवं सहयोग गर्ने ।<br>▪ नगरपालिकाालाई लैङ्गिक हिंसामुक्त बनाउन र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारविरुद्ध शुन्य सहनशिलता अभिवृद्धि गर्न आवश्यक कार्ययोजना निर्माण गरी लागु गर्न पहल तथा वकालत गर्ने साथै यसका लागि मिडिया परिचालन गर्ने।<br>▪ लैससासको मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवं प्रक्रियाको पहिचान गर्न विकास साझेदारसँग समन्वय गर्ने ।<br>▪ नगरपालिकाको जलवायु परिवर्तन उत्थानशील, लैङ्गिक उत्तरदायी योजना तथा वजेट निर्माण र वार्षिक रूपमा लैंङ्गिक समानता तथा सामाजिक समावेशी वजेट परीक्षण गर्न सहजीकरण गर्ने ।<br>▪ नगरपालिकाको वार्षिक योजना, कार्यक्रम, वजेट बाँडफाँड तथा खर्चको लैससास दृष्टिकोणले लेखाजोखा गरी लाभ विश्लेषण गर्ने ।<br>▪ महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरीक, आदिवासी जनजाति लगायतका समुदायहरुको विभिन्न सञ्जालहरु गठन सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।<br>▪ लक्षित व्यक्ति, समुदायको उत्थानका लागि गठन भएका सञ्जालको क्षमता विकास गरी योजना तर्जुमा लगायत विकास निर्माणका कार्यमा क्रियाशिल बनाउने ।<br>▪ लैङ्गिक तथा घरेलु हिंसा पिडित महिला, किशोरी तथा बालिकाको संरक्षणका लागि अल्पकालीन संरक्षण केन्द्रको व्यवस्थापन र परिचालन गर्न पहल तथा समन्वय गर्ने । |
| लैङ्गिक सम्पर्क व्यक्ति | ▪ महिला, वालवालिका तथा जेष्ठ नागरीक शाखाकाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने,<br>▪ नगरपालिकाको सञ्चालित कार्यक्रममा सरोकारवाला समुदाय तथा लक्षित समुहका गुनासो सुन्ने र सम्वोधनका लागि सम्वन्धित शाखा र नगरकार्यपालिका समक्ष जानकारी गराउने ।<br>▪ नगरपालिकामा लैससास उत्तरदायी वजेट बिनियोजन र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीसँग समन्वय एवं सहजीकरण गर्ने ।<br>▪ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका विभेदहरु विरुद्ध शुन्य सहनशिलता वृद्धि गर्न नगरपालिकाका क्षेत्र भित्रका सबै निकाय वीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।<br>▪ लैससास सम्बन्धी आएका गुनासो वा उजुरीहरु दर्ता गरी सम्वोधनका लागि लैससास शाखामा जानकारी गराउने ।<br>▪ समुदायमा विद्यमान लैङ्गिक तथा घरेलु हिंसा, सामाजिक असमानता, हानीकारक मुल्य मान्यता र गलत सामाजिक अभ्यास विरुद्ध अभियान संचालन गर्न |

| | |
|---|---|
| | सरोकारवाला निकाय समक्ष समन्वयका लागि मिडिया परिचालन गर्ने ।<br>▪ लैङ्गिक तथा घरेलु हिंसा विरुद्ध वकालत तथा प्रतिकार क्षमता अभिवृद्धि गरी शुन्य सहनशिलता कायम गर्न आवश्यक कार्यक्रम तथा वजेट विनियोजन गर्न टोलबस्ती तथा वडाहरु र नगरपालिकामा सहजीकरण गर्ने ।<br>▪ नगरपालिकामा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई अपाङ्गतामैत्री तथा लैंससासमैत्री कार्य व्यवहार र संवेदनशिलता अभिवृद्धि गर्न लैससास अवधारणा स्पष्ट पार्न तालिम तथा अभिमूखिकरण सम्बन्धी कार्यक्रम माग गर्ने ।<br>▪ सूचना शाखासँग निकटतम सम्बन्ध एवं समन्वय बिस्तार गरी नगरपालिकाको खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गर्न सहयोग गर्ने ।<br>▪ नगरपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीका लागि स्तनपान कक्ष, लैङ्गिक मैत्री शौंचालय निर्माण, अपाङ्गतामैत्री भौतिक पूर्वाधार/सूचना प्रणाली/सेवा प्रवाह तथा बालमैत्री संरचना निर्माणका लागि नियमित वकालत तथा पहल गर्ने ।<br>▪ नगरपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यत: बोलीचालीको शब्द चयन वा भाषा प्रयोग गर्दा अपाङ्गतामैत्री तथा लैंससासमैत्री शब्दहरुको प्रयोग र व्यवहार अवलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाइ अभिप्रेरित गर्ने । |
| अन्य विषयगत शाखा | ▪ नगरपालिकाको समग्र विकास प्रक्रिया र लाभ प्राप्तीमा अपाङ्गता, लैङ्गिक तथा समावेशी पहुँच वृद्धि गर्न लैससास शाखा र सम्पर्क व्यक्तिसँग समन्वय कायम गर्ने ।<br>▪ विषयगत शाखाबाट गरिने योजना तर्जुमा, विकासका कार्य लगायत हरेक सेवा प्रवाहका विषयमा लक्षित वर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका विषयमा संवेदनशिलता अपनाउने । |
| स्वास्थ्य शाखा | ▪ सेवाग्राहीहरुको लैंङ्गिक तथा अपाङ्गता समावेशी अभिलेखीकरणको शुरुवात गर्ने ।<br>▪ लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवा प्रवाह कार्यमा लैङ्गिक संवेदनशिलता अपनाउन सहजीकरण गर्ने ।<br>▪ स्थानीय तहका सबै स्वास्थ्य कार्यालयलाई अपाङ्गता तथा लैससासमैत्री सेवा प्रवाहका लागि आवश्यक निर्देशन गर्ने ।<br>▪ अपाङ्गता तथा लैससासमैत्री सेवा प्रवाहका लागि आवश्यक संरचना तथा उपकरण व्यवस्थापन सम्बन्धी योजना बनाई नगरपालिका समक्ष माग गर्ने ।<br>▪ सुरक्षीत प्रजनन् सेवा प्रवाहका लागि आवश्यक संरचना लगायत सामाग्री व्यवस्थापनका लागि योजना बनाई माग गर्ने ।<br>▪ महिला, वालवालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका व्यक्ति तथा समुदायलाई अपाङ्गता तथा लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा उपलब्ध भएनभएको अनुगमन गरी प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने । |
| शिक्षा शाखा | ▪ नगरपालिकाभित्रका वालवालिकाहरुका लागि समावेशी तथा गुणस्तरीय शिक्षा उपलब्ध गराउनका लागि नीतिगत तथा रणनीतिक भुमिका खेल्ने ।<br>▪ नगरपालिकाभित्रका विद्यालयहरुको विद्यालय समुदाय सम्बन्ध, शिक्षण सिकाई क्रियाकलाप, अनुगमन मुल्यांकन तथा भौतिक पूर्वाधारसँग सम्वन्धित पक्षहरुलाई शैक्षिक प्रभावकारीतासँग जोड्नका लागि हरतरहले क्रियाशील रहने । |

| | |
|---|---|
| | ▪ अति विपन्न तथा विभिन्न जोखिमबाट पिडित वा प्रभावित र असहाय वालवालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आवश्यक शैक्षिक सामाग्री सहित विद्यालय पोशाक र दिवा खाजाको व्यवस्थापन गरी नियमित विद्यालय आउने वातावरण सिर्जना गर्ने ।<br>▪ विद्यालयमा वालमैत्री वातावरणको सिर्जना गरी सबै वालवालिकाहरुलाई नियमित विद्यालय आउन आकर्षित गर्ने ।<br>▪ वालमैत्री शिक्षण सिकाई अवलम्वन गरी वालवालिकाले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने वातावरण सिर्जना गर्ने ।<br>▪ बिचमा बिद्यालय छोड्ने प्रवृति हटाउनका लागि अति गरिव, असहाय, संरक्षक विहिन वालवालिकालाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।<br>▪ विद्यालयका हरेक निर्णयमा वालवालिकाको सहभागिता सुनिश्चित गर्ने ।<br>▪ विद्यालयमा वालक र वालिकाको लागि अपाङ्गता तथा लैङ्गिक मैत्री शौचालय र खानेपानी धारा व्यवस्थापनका लागि योजना वनाई नगरपालिका समक्ष माग गर्ने । |
| स्थानीय प्रहरी कार्यालय | ▪ घरेलु हिंसा वा लैङ्गिक हिंसा विरुद्धका अभियानहरुमा सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने ।<br>▪ प्रहरीमा उजुरी आएका घरेलु हिंसा तथा महिला वा बालिका विरुद्ध हिंसा वा दुर्व्यवहारको अनुसन्धान कार्य छिटो, छरितो र चुस्त दुरुस्त गर्ने ।<br>▪ वाल विवाह, लागु औषध दुर्व्यसनी विरुद्ध सचेतनामूलक अभियानमा सहभागि हुने ।<br>▪ अनुसन्धान प्रक्रियामा अपाङ्गतामैत्री, लैङ्गिक मैत्री व्यवहार तथा वालमैत्री व्यवहार अवलम्वन गर्ने ।<br>▪ अनुसन्धान प्रक्रियामा महिला, किशोरी र वालवालिकाको गोपनियतामा ध्यान दिने । |
| विकासका साझेदारहरु | ▪ नगरपालिकाको प्राथमिकतामा रहेका अपाङ्गता तथा लैङ्गिक सवालहरुमा सहकार्य, साझेदारी गर्ने ।<br>▪ अपाङ्गता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा नगरपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>▪ महिला, दलित, विपन्न खसआर्य, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका वर्ग समुदायको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि नगरपालिकासँग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>▪ विकासका साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्वोधन हुने गरी क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने ।<br>▪ लैङ्गिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका विभेद वा सामाजिक असमानता विरुद्ध प्रतिकार र वकालत क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने ।<br>▪ कुनैपनि महामारी तथा आपतकालीन स्थितिको समयमा नगरपालिका लगायतका सरोकारवालाहरुसँग **समन्वय, सहकार्य र सहयोग** को ढाँचामा कार्य गर्ने । |

| | |
|---|---|
| गैरसरकारी संस्थाहरु/अपाङ्गता भएका व्यक्तिहरुको नेतृत्वमा सञ्चालित संस्थाहरु | ▪ नगरपालिकाको प्राथमिकतामा रहेका अपाङ्गता तथा लैङ्गिक सवालहरुमा सहकार्य, साझेदारी गर्ने ।<br>▪ नगरपालिकाबाट निर्माण गरी जारी गरिएका अपाङ्गतामैत्री, लैससासमैत्री नीति तथा कानुनको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>▪ महिला, दलित, जनजाती, अति विपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवं अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>▪ लैंङ्गिक हिंसा, घरेलु हिंसा र विभिन्न महामारी वा विपदबाट पिंडित तथा प्रभावितलाई राहत तथा उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>▪ नगरपालिकाले निर्दिष्ट गरे बमोजिम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल सम्वोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>▪ लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक विभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति विरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।<br>▪ कुनैपनि महामारी तथा आपतकालीन स्थितिको समयमा नगरपालिका लगायतका सरोकारवालाहरुसँग **समन्वय, सहकार्य र सहयोग** को ढाँचामा कार्य गर्ने । |
| नगरपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु<br><br>(महिला, एकल महिला सञ्जाल, जेष्ठ नागरीक सञ्जाल, अपाङ्गता सञ्जाल, दलित सञ्जाल, बाल सञ्जाल लगायत पिछडिएका वर्ग तथा समूहहरूको सञ्जाल) | ▪ लैङ्गिक विभेद, सामाजिक असमानता, तथा हानीकारक र विभेदकारी सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध नियमित वकालत गर्ने साथै अभियान रुपि कार्यक्रम माग गर्ने ।<br>▪ लक्षित वर्ग समुदायको खण्डिकृत तथ्यांक सहित उनीहरुका सवाल तथा समस्याहरुरु पहिचान गरी सम्वोधनका लागि वडा तथा नगरपालिकालाई जानकारी गराई आवश्यकता अनुसार योजना तथा कार्यक्रम र वजेट माग गर्ने ।<br>▪ स्थानीय स्रोत तथा प्रतिफलको समानुपातिक पहुँच, न्यायिक वितरण र समावेशी सहभागिताको पक्षमा आवाज उठाउने ।<br>▪ समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।<br>▪ लैङ्गिक हिंसा पिडित महिला तथा बालिका, असहाय एवं अपहेलीत जेष्ठनागरिकको संरक्षणका लागि वैकल्पीक हेरचाहको व्यवस्थाका लागि माग गर्ने ।<br>▪ सम्वन्धित वडा कार्यालय र लैससास शाखासँग नियमित समन्वय तथा सम्पर्कमा रही अपाङ्गतामैत्री, लैङ्गिक मैत्री तथा वालमैत्री तथा पूर्वाधार/सूचना प्रणाली/सेवा प्रवाह संरचना निर्माणका लागि वकालत गर्ने । |
| निजी क्षेत्र (उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ, यातायात व्यवसायी संघ, विकास बैंक आदि) | ▪ निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवामा सबै समुदाय तथा वर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा समेत सेवा बिस्तार गरी प्रभावकारी बनाउने,<br>▪ महिला, विपन्न तथा वञ्चित समूहको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>▪ नगरपालिकाको राजश्व क्षेत्र सुधारमा भुमिका खेल्ने ।<br>▪ वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीबाट उत्पादित बस्तुको वजारीकरणका |

| | |
|---|---|
| | लागि वडा तथा नगरपालिकासँग समन्वय र सहयोग गर्ने ।<br>▪ महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन सहज कर्जामा पहुँच बढाई प्रोत्साहन गर्ने ।<br>▪ नगरपालिकासँग समन्वय गरी लक्षित वर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने । |
| समुदाय | ▪ नगरपालिकाको योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा नजिकको साझेदारको रूपमा क्रियाशिल रहने ।<br>▪ आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सूचना तथा तथ्यांकहरू साथै विकास कार्यबाट भएको प्रगतिको अभिलेख राख्ने र आवश्यकता अनुसार सम्वन्धित वडा र नगरपालिकामा सम्वोधनका लागि माग पेश गर्ने ।<br>▪ सामुदायिक विकाससँग सम्वन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक लगायत विपन्न र पछाडी पारिएको वर्ग समुदायको सक्रिय सहभागिता सुनिश्चितता गर्न वकालत, नियमित समन्वय र साझेदारी गर्ने ।<br>▪ सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैंससासमैत्री, वालमैत्री, अपाङ्गतामैत्री तथा समावेशी बनाउन सम्वन्धित शाखा तथा निकाय समक्ष वकालत तथा माग गर्ने ।<br>▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध आवाज उठाउने । स्थानीय तहमा सञ्चालित अभियानरुपी कार्यक्रमहरुमा सक्रिय संलग्नता जनाउने ।<br>▪ स्थानीय विकास निर्माणका कार्यहरुमा जनसहभागिता अभिवृद्धि गर्न वडा तथा नगरपालिकामा वकालत गर्ने । |

**३.४.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास :**

क) लैससास शाखा र सम्पर्क व्यक्तिलाई रणनीति कार्यान्वयन तरीका तथा तोकिएको कार्यभूमिका बारे अभिमूखिकरण तथा सहजीकरण गरी व्यापक जानकारी गराउने ।

ख) लैङ्गिक हिंसा तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी व्यवस्थाहरु बारे नगरपालिकाको जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैङ्गिक मैत्री कार्य व्यवहारका लागि प्रोत्साहित गर्ने ।

ग) नगरपालिकाको सेवा प्रवाह र कार्यप्रणालीलाई लैससास मैत्री बनाउन मानव अधिकार सम्बनधी महासन्धि, जलवायु परिवर्तन सम्बन्धी महासन्धि (कोप), महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि, बेइजिङ कार्ययोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२०, दिगो विकास लक्ष्य लगायतका विषयहरुमा तालिम तथा अभिमूखिकरण गरी व्यापक जानकारी गराउने ।

घ) लैससास शाखा लगायत विषयगत शाखा प्रमुख र जनप्रतिनिधीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण तथा पहुँचयोग्यता तथा अपाङ्गता समावेशी अवधारणा सम्बन्धी अभिमूखिकरण गरी नियमित लैससास तथा पहुँचयोग्यता परिक्षण (Accessibility Audit) गर्न सक्षम बनाउने ।

ङ) नगरपालिकाबाट गठन गरिएका लक्षित वर्गका सञ्जालका पदाधिकारीहरुको क्षमता तथा नेतृत्व विकास तालिम मार्फत नगरपालिकाको समग्र विकास प्रक्रियामा क्रियाशील सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने ।

च) लैङ्गिक विभेद, जलवायु परिवर्तनका नकारात्मक असरहरु, असमानता तथा हिंसा विरुद्ध जागरण फैलाई विभेद र हिंसा विरुद्ध प्रतिकार तथा वकालत क्षमता अभिवृद्धि गर्न समुदाय तहमा व्यापक जनचेतना तथा अभियानका कार्यक्रम संचालन गर्ने ।

छ) विकासका हरेक क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न स्थानीय तहमा कार्यरत कर्मचारी र जनप्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

ज) लैङ्गिक उत्तरदायी वजेट तथा योजना निर्माण र कार्यान्वयनका लागि सम्वन्धित विषयगत शाखा, वडा प्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

## ३.५. लैससास रणनीति कार्यान्वयनको लागि स्रोत परिचालन र रणनीति कार्यान्वयनका लागि आवश्यक समन्वय र साझेदारी

नगरपालिकाबाट जारी गरिएको लैससास रणनीतिमा तोकिए वमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु वीचको समन्वय र साझेदारी अपरिहार्य ठानिएको छ । नगरपालिकामा महिला, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, वालवालिका तथा जलवायु परिवर्तनका नकारात्मक असरहरुबाट सताईएका नागरिकहरुको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र वजेट लैङ्गिक उत्तरदायी बनाउन र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरु वीच समन्वय र सहकार्य हुनु जरुरी छ । नगरपालिकाबाट लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा नगरपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धीत सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजी क्षेत्र तथा संस्थागत सामाजिक उत्तरदायित्व, महिला समूह तथा समुदाय र आम नागरिक वीच निरन्तर समन्वय र साझेदारीका क्रममा प्रविधिको उच्चतम प्रयोग गरिनेछ ।

## ३.६. लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली :

नगरपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैङ्गिक तथा सामाजिक समावेशीकरण उदेश्यहरुले निर्दिष्ट गरेका रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक प्रतिवेदनमा समावेश गरिनेछ । लैङ्गिक उत्तरदायी वजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा समेत वार्षिक लेखाजोखा गरिनेछ । नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र सकारात्मक प्रयासहरू कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक समीक्षा गरिनेछ । वार्षिक प्रगतीका विषयमा समीक्षा गरी सुझावका आधारमा आगामी कार्यदिशा तय गरिने छ ।

नगरपालिकाको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिधित्व रहने लैससास नीति अनुगमन तथा निर्देशन समिति गठन गरी राष्ट्रिय नीतिमा आधारित रही कार्यविवरण तोकीएको छ ।

**१.) लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ।**

| | | |
|---|---|---|
| क. | नगरप्रमुख | संयोजक |
| ख. | नगर-उपप्रमुख | सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. | नगरपालिकास्तरीय लक्षित समुदायहरुको सञ्जाल मध्येबाट नगरपालिकाले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित ३ जना प्रतिनिधी | सदस्य |
| ङ. | महिला वालवालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य |
| च. | सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

**२.) लैससास अनुगमन तथा निर्देश समितिको काम, कर्तव्य, र अधिकार**

क) अनुगमन तथा निर्देशन समितिको बैठक वार्षिक रुपमा कम्तीमा २ पटक बस्ने ।

ख) सरोकारवालाको सहभागितामा वार्षिक रुपमा प्रगति समीक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि नगरपालिकामा पेश गर्ने ।

ग) स्थानीय नीति, रणनीति, कानुन तथा योजनाहरुको नियमित अनुगमन तथा पुनरावलोकन गरी लैङ्गिक मैत्री बनाउन आवश्यक समन्वय तथा निर्देशन गर्ने ।

घ) लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरीएका नीति, योजना तथा कार्यक्रमको नियमित अनुगमन गरी लैङ्गिक तथा समावेशी सहभागिता अभिवृद्धि गर्न निर्देशन गर्ने ।

ङ) महिला, किशोरी तथा वालिकाहरुको सामाजिक तथा आर्थिक विकासका बाधक वा विभेदयुक्त संरचनात्मक अवरोधहरु हटाउने खालका कार्यक्रम संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

च) लैङ्गिक विभेद, लैंकि हिंसा र विभिन्न खाले शोषण र विभेद वा दुर्व्यवहारहरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

छ) लैंससास उत्तरदायी शासन पद्धती अवलम्वनर खण्डिकृत विद्युतिय सूचना प्रणालीलाई व्यवस्थित गर्न अभिप्रेरीत गर्ने

ज) लैङ्गिक हिंसा, लैङ्गिक विभेद, यौनजन्य दुर्व्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहत तथा पून:स्थापना र अल्पकालिन सेवा केन्द्र संचालन सम्बन्धी योजना तथा कार्यक्रम तय गर्न निर्देशन गर्ने ।

झ) महिला, अपाङ्गता भएका व्यक्ति, दलित लगायत सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति समुदायहरुको आर्थिक शसक्तिकरणका योजना तथा कार्यक्रम तर्जुमा गर्न नगरपालिका सम्वन्धित संयन्त्र तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा निर्देश गर्ने ।

३) **वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ।**

| | | |
|---|---|---|
| **क.** | वडा अध्यक्ष | संयोजक |
| **ख.** | वडा समितिका सबै सदस्यहरु | सदस्य |
| **ग.** | वडास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| **घ.** | वडा बाल संजालको अध्यक्ष | सदस्य |
| **ङ.** | वडा सचिव | सदस्य सचिव |

**४) निर्देशन तथा अनुगमन उपसमितिको काम, कर्तव्य र अधिकार**

क) योजना तथा वजेट तर्जुमा चरणमा विपन्न तथा वञ्चित व्यक्ति समुदायलाई सहभागी गराउन सरोकारवाला तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ख) वडा तहको खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

ग) योजना कार्यावयनमा लैङ्गिक तथा समावेशी सहभागिता वृद्धि गर्न नियमित अनुगमन गरी आवश्यक निर्देशन गर्ने ।

घ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मूल्याङ्कनन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनवाई गर्ने, गराउने र लैससास लेखाजोखा गर्ने ।

ङ) वडा भित्रका महिला, वालवालिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत गर्ने ।

च) वडास्तरमा लैससास सम्वन्धि कार्य योजना र वजेट सहित योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

छ) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने ।

झ) यस रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।

**३.७ लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :**

लैससास विषय अन्तरसम्वन्धित सवाल भएकोले कुनै एउटा मात्र निकायको पहलमा पूर्णत अवलम्वन गर्न सकिदैन । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला निकायहरुको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास नीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा विद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसतात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउने देखिन्छ । उल्लेखित नीति, रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने देहाय बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीहरुको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने छ ।

| संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|
| नगरपालिका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपता हुन नसक्नु । | ▪ सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणाबारे समान बुझाइ बनाउने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने । |
| सामाजिक विकासका कार्यक्रमले भौतिक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमिताामा पर्न नसक्नु । | ▪ लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्वता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>▪ लैङ्गिक उत्तरदायी योजना तथा वजेट तर्जुमाका लागि नियमित समन्पयलाई प्रभावकारी बनाउने । |
| लैससासरणनीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानवस्रोतको कमी हुन सक्नु । | ▪ नगरपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानवस्रोतको उत्पादन तथा परिचालन गर्ने । |
| लैससास नीतिमा उल्लेखित प्रावधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्ने । | ▪ नगरपालिकाको स्रोत परिचालनमा न्यायिक बितरण प्रणालीको अवलम्बन गर्ने ।<br>▪ वार्षिक योजना तर्जुमा तथा वजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा |

| | |
|---|---|
| | सहजीकरण गर्ने ।<br>▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्वन्धित संघ संस्थासँग समन्वय र सहकार्य वृद्धि गर्ने । |
| नगरपालिकाको लैससास उत्तरदायी वजेट तथा कार्यक्रम तर्जुमा प्रति संवेदनशिलताको अभाव हुन सक्नु । | ▪ लैससास उत्तरदायी योजना तथा वजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने । |
| टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा पर्न नसक्नु । | ▪ लक्षित वर्ग समुदायको अवस्था पहिचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने ।<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित वर्ग समुदायको अर्थपूर्ण सहभागिता वृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । |
| वन्चितीकरणमा परेका वर्ग तथा क्षेत्रको आर्थिक सशक्तिकरण हुन नसक्नु । | ▪ उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित वर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>▪ लक्षित व्यक्तिहरुलाई जलवायु उत्थानशील कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सिर्जना गर्ने । |
| खण्डिकृत तथ्याङ्क तथा सूचनाहरुको आधारमा योजना र कार्यक्रमहरु तयार हुन नसक्नु । | ▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । |
| स्थानीय स्रोत तथा लाभ र अवसरहरुमा लैङ्गिक तथा समावेशी पहुँच कम हुन सक्नु । | ▪ योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाई सुधारका पक्षहरु औल्याई कार्यान्वयनका लागि सम्वन्धित पक्षलाई सुझाव सहित निर्देशन गर्ने । |
| सेवा प्रवाह तथा कार्य प्रणाली परम्परागत किसिमको हुनु । | ▪ सेवा प्रवाहलाई प्रविधिसँग जोड्नका लागि आवश्यकता लेखाजोखा र वजेट व्यवस्था गर्ने । |

## ३.८ कानुनी व्यवस्था तथा पुनरावलोकन

### ३.८.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

नगरपालिकाद्वारा जारी गरिएको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन र स्पष्ट कार्य निर्देशनका लागि लैससास कार्यान्वयन कार्यविधि र आवश्यकता अनुसार लैङ्गिक हिंसा विरुद्ध रणनीति, कार्ययोजना वा निर्देशिकाहरु समेत निर्माण गरी लागु गरिनेछ । उक्त कार्यविधि तथा शाखागत रणनीति वा कार्ययोजना निर्माण गर्दा नेपालको संविधानमा व्यवस्था गरिएको लैङ्गिक समानता र महिलाको हक, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएको लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी प्रावधान र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित प्रावधानहरुलाई आधार मानिने छ।

### ३.८.२. रणनीतिको पुनरावलोकन तथा सुधार

नगरपालिकाद्वारा जारी गरिएको लैससास रणनीति २०७८ लाई आवश्यकता अनुसार समसामयिक विषयहरुमा पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समीक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ । यसमा पुनरावलोकन तथा सुधार गर्दा जलवायु परिवर्तन, प्रविधिको प्रयोग, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा अन्य सीमान्तीकृत वर्ग समुदायको हितमा राखिनेछ ।

## परिच्छेद ४

## एकल तथा समूह केन्द्रित छलफल तथा अन्तर्वार्ताका लागि चेकलिस्ट/प्रश्नावली

### १. एकल तथा समूह केन्द्रित छलफलको लागि :

१. संबिधान, स्थानीय सरकार संचालन ऐन आदिले दिएको लैससास सम्वन्धित कामहरू गर्न आवश्यक ऐन, कानुन, नीति, योजना, वजेट, संस्थागत संयन्त्र छ छै न ?

२. स्थानिय सरकारले केन्द्र तथा प्रदेश सरकार सँग लैससास सम्वन्धित काम गर्न कसरी समन्वय गरि राखेको छ ?

३. लैससासमूखी योजना तथा वजेट निर्माण प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, अपांङ्गता भएका व्यक्ति, एकल महिला, किशोर किशोरी तथा अन्य पिछडिएका लक्षित वर्ग समुदायहरूको अर्थपूर्ण सहभागिता, लाभ तथा परिणाममा समानता छ छैन ?

४.लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आन्तरिक तथा बाहृय रुपमा विभिन्न सरकारी एबम् गैर सरकारी निकायहरूसँग साझेदारी तथा समन्वय कस्तो छ ?

५. स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले लैससास कार्यान्यिन तथा मूलप्रवाहीकरणको लागि आवश्यक क्षमता विकास तथा सचेतिकरण छ छैन ? छैन भने यसलाई लै ससासमूखी कसरी बनाउने ?

६. स्थानीय सरकारले कार्यान्वियन गर्ने सम्पूर्ण कार्यक्रम, आयोजना, परियोजना आदिको अनुगमन तथा मूल्यांकन बिधि लैससासमूखी छ छै न र छैन भने लैससासमूखी कसरी बनाउने ?

### २. अन्तर्वार्ता (Key Informant Interview) का लागि :

| क.स | समुह समस्याहरू | समस्याहरू | समाधान कसरी गर्ने? |
|---|---|---|---|
| १. | महिलाका समस्या | | |
| २. | दलितको समस्या | | |
| ३. | आदिवासी जनजातिको समस्या | | |
| ४. | जेष्ठ नागरिकको समस्या | | |
| ५. | किशोर किशोरीको समस्या | | |
| ६. | एकल महिला समस्या | | |
| ७. | एकल जेष्ठ पुरुषको समस्या | | |
| ८. | अपाङ्गता भएका व्यक्तिको समस्या | | |
| ९. | पहुँच नपुगेका बस्ती | | |
| १०. | अन्य समस्याहरू | | |

३. बिषय केन्द्रित छलफल **(Focus Group Discussion)** का लागि :

| क.स | बिषयबस्तु | समस्याहरू | समाधान कसरी गर्ने? |
|---|---|---|---|
| १. | **लैसासमूखी दृष्टिकोणबाट सामाजिक** (शैक्षिक तथा मानव संसाधन, स्वास्थ्य तथा पोषण, खानेपानी सरसफाई, कला संस्कृति तथा भाषा, शान्ति सुरक्षा आदि) समस्या तथा समाधानका उपायाहरू । | | |
| २. | २. **लैससासमूखी दृष्टिकोणबाट** आर्थिक तथा रोजगारीको समस्या तथा समाधानका उपायहरू । | | |
| ३. | ३. **लैससासमूखी दृष्टिकोणबाट** भौतिक पूर्वाधार विकास (यातायात, विद्युत, आवास तथा भवन, प्राकृतिक तथा मानव सिर्जित बिपत व्यवस्थापन आदि) सँग जोडिएकाहरू समस्या तथा समाधानका उपायहरू । | | |
| ४. | ४. **लैससासमूखी दृष्टिकाणे ाबाट** राजनैतिक समस्या तथा समाधानका उपायहरू । | | |
| ५. | ५. अन्य समस्या तथा समाधानका उपायहरू । | | |

**सन्दर्भ सामाग्रीः**


- नेपालको संविधान, २०७२
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७५
- स्थानीय सरकार संचालन ऐन २०७४
- देवचुली-नगरपालिकाको आर्थिक ऐन, नीति, कानुन, निर्देशिका, आवधिक योजना तथा नगरपालिका पार्श्वचित्र
- https://www.devchulimun.gov.np/ देवचुली-नगरपालिकाको-आधिकारीक- वेवसाइट
- राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७
- अपाङ्गता भएका व्यक्तिहरुको लागि पहुँचयुक्त भौतिक संरचना तथा संचार निर्देशिका २०६९
- प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी वजेट नमुना निर्देशिका २०७७
- परिमार्जित राष्ट्रिय भवन संहिता सन् २०२०

## अनुसूची १ कार्यशालाको फोटोहरु